
# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

श्रावण पूर्णिमा



देवदत्तले अजातशत्रुलाई आ[illegible] बनाउन खोजेको दृश्य

DHARMAKIRTI

वर्ष- १६ अङ्क- ४ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

धेरै पटक धाइसकेपछि बल्ल आज छलफल कार्यक्रममा भाग लिने मौका पाएँ । किन होला आजभोली छलफल कार्यक्रममा पनि ढीला सुस्ती देखिन्छ । दुईतीन महिना पहिलेसम्म त यस कार्यक्रममा निरन्तरता नै देखिएको थियो । दुईतीन महिना यता देखि भने के भएको होला कुन्नि ?

एकजना सहभागीले आफ्नो मुख खोल्नु भयो- "काठमाडौं उपत्यका भित्र मात्र कार्यक्रम जारी नगरी उपत्यका बाहिर पनि धर्मप्रचार र छलफल कार्यक्रम बनाउन हाम्रा मेघदूतज्यू अस्ति पोखरा, गोरखा, बेनी र बाग्लुङ्ग पुग्नुभएको थियो । त्यसैले होला छलफल कार्यक्रममा ढीलाई हुन पुगेको ।

भन्नुस् न तपाईंको केही प्रश्न छ कि ? नयाँ सदस्यले आफ्नो परिचय दिनुहुँदै भन्नुभयो - "म शाही सेनामा कार्यरत थिएँ । मलाई धर्मको विषयमा चेतना जागेर आएकोले हो कि किन हो, मनमा बैराग्य भावनाले ठाउँ लिन थाल्यो । त्यसैले मैले जागिर छाडिदिएँ । हाल म एक शिक्षकको रूपमा काम गर्दैछु । मेरो भावनालाई बुझेर होला, मेरा एकजना हितैषी साथीले मलाई यसरी सल्लाह दिन थाल्यो - "तिमीलाई धर्म अध्ययन गर्ने इच्छा छ भने थेरवादी धर्म अध्ययन गर्नु । यो वैज्ञानिक शिक्षामा आधारित धर्म भएको हुनाले यसमा अन्धविश्वास, कर्मकाण्ड र जातीय भेदभावलाई कत्ति पनि स्थान छैन ।" यो कुरा सुनेर मलाई थेरवादी धर्मबारे अध्ययन गर्ने उत्सुकता जाग्न थाल्यो । त्यसैले म यहाँ प्रश्न राख्दैछु - "थेरवाद भनेको के हो ? यसलाई अध्ययन गर्नको लागि कहाँ जानु पर्छ होला ?"

उत्तर आयो - "पहेंलो लुगा लगाउने भिक्षुहरूले प्रचार गरिरहेको धर्मलाई थेरवाद भन्ने गर्छ र यसलाई हीनयान पनि भनिन्छ ।"

नयाँ सदस्यले भन्न थाल्यो - "मैले अखबार र पत्र पत्रिकामा एकजना भिक्षुको लेख र उहाँले लेखेका केही पुस्तकहरू पनि पढेको थिएँ । लेखिएका कुराहरू व्यवहारिक र वैज्ञानिक पनि भएको कारणले राम्रै लाग्यो । तर अस्ति आषाढ पूर्णिमाको दिन हात्ति माथि बुद्धमूर्ति सजाई जुलूस निकालिएको बेला बोकेर हिंडेको प्लेकार्डमा यसरी लेखिएको देखें - "आषाढ पूर्णिमाको दिन बुद्धले परलोक भैसकेकी आफ्नी आमा महामाया देवीलाई देवलोकमा गई अभिधर्म देशना गर्नुभएको र बुद्धले यमक प्रातिहार्य पनि देखाउनु भएको पुनित दिवसको दिन ।" आषाढ पूर्णिमाको दिन धर्मचक्र दिवस मनाउनु त ठीकै छ । तर देवलोकमा बुद्ध स्वयं जानुभई अभिधर्म उपदेश दिनुभएको कुरालाई त मैले विश्वास गर्न सकिन । किनभने यो त वैज्ञानिक भएन जस्तो लाग्छ ।

एकजना आयोजकले भन्नुभयो - "तपाईले त हामीले सोच्दै नसोचेको प्रश्न सोध्नुभयो । यसको उत्तर दिनै अप्ठ्यारो पर्‍यो । किनभने यो त महायानी परम्पराबाट उब्जिएको कथन जस्तो लाग्छ । गौतम बुद्धलाई सम्मानार्थ कुनै समूहले उहाँको पुरुषार्थ र शक्ति बारे बयान गरेको मात्र जस्तो लाग्छ यो त । यस्तो बयान गर्दैमा बुद्धको महत्त्व घटेको महशूस गर्नुपर्दैन तपाईले । बुद्धको गुण र महत्त्व आफ्नै स्थानमा अटल रहेको छ । देवलोकमा बुद्ध पुग्नु भएको बयान त मानिसहरूको परम्परावादी धारणा र पुराना संस्कारको पुनर्जन्मको प्रतिफल मात्र हो । हामीले कल्पना नै नगरेको विषयमा प्रश्न उठाई यस विषयमा चेतना दिनु भएकोमा यहाँलाई धन्यवाद छ ।"

एकजनाले फेरि प्रश्न सोध्यो - "के बौद्ध झण्डा पनि महायान र हीनयान भनी दुई थरिका छन् ?"

"त्यस्तो त छैन । बौद्ध झण्डा त अन्तर्राष्ट्रिय मान्यता प्राप्त भएको एउटै मात्र छ । तपाईले किन यो प्रश्न उठाउनु भएको ?"

"अस्ति बुद्ध पूर्णिमाको अवसरमा ललितपुरमा यसबारे खूब विवाद उठेको थियो, महायानी पंच बुद्धको रंग भएको झण्डालाई मान्यता दिनुपर्छ रे भन्दै । तर आखिरमा नीलो, पहेंलो, रातो, सेतो र कलेजी रंग भएको प्रचलित झण्डालाई नै बहुमतले मान्यता दिइयो । त्यसैले यसबारे यहाँहरूको के बिचार छ भन्ने उत्सुकता जागेकोले मात्र सोधेको ।"

"जनमानसलाई अन्दोल र भ्रमित पार्ने गलत धारणाहरू हटाउन मद्दत पुऱ्याउनु भएकोमा यहाँलाई धन्यवाद छ । तर सम्झनुहोस् । यहाँ हीनयान र महायान भनी दुई प्रकारका झण्डा बिल्कुल छैनन् । यहाँ त अन्तर्राष्ट्रिय मान्यता प्राप्त एउटै मात्र बौद्ध झण्डा छ ।"

अर्को एक नयाँ सदस्यले आफ्नो विचार प्रकट गर्दै भन्यो - "म बौद्ध परियत्ति शिक्षाका विद्यार्थी हुँ । हामीले जाँच दिनेबेला प्रश्नोत्तर लेख्ने पुस्तकमा जसरी उल्लेख छ, त्यसरी मात्र लेख्नुपर्छ रे । त्यसमा आफ्नो विचार लेख्न पाईदैन रे । के यो ठीक छ ?"

"यो प्रश्न त भिक्षु महासंघ समक्ष राख्नु पर्ने । उनीहरूको विधान के कस्तो छ कुन्नि ? थेरवादी बुद्ध शिक्षा त आजभोलि एकोहोरो धारमा बगिरहेको देखिन्छ । त्यसैले यस क्षेत्रमा समालोचना र आलोचनात्मक अध्ययन गर्ने नहुने भैसकेको जस्तो छ । आजभोलि बौद्ध परियत्तिका पाठ्यपुस्तकहरू त धेरै जसो पाली अनुवाद मात्र बढी देखिन्छन् । साधारण मानिसहरूले समेत बुझ्नेगरी सरल भाषामा लेखिएका व्यवहारिक ज्ञानवर्द्धक पुस्तकहरू सबै पाठ्यक्रमबाट झिकी त्यसको ठाउँमा आजभोलि शैद्धान्तिक ज्ञानले मात्र भरिएका र साहित्यिक रसले भरिएका उच्चस्तरिय पुस्तकहरू पाठ्यपुस्तकको रूपमा समावेश भएको छ क्यारे । पाली त्रिपिटक अनुसार अध्ययन अध्यापन गरे मात्र बुद्ध शिक्षा चिरस्थायी रहने छ भन्ने भिक्षु संघको धारणाले गर्दा पनि यस्तो हुन गएको होला । त्यसैले माफ गर्नुस्, यस विषयमा हामीलाई राम्रो ज्ञान छैन । कुरो त बुझ्नु नै भयो होला नि यहाँले ।"

लौ त आज विषय लम्ब्याउनेतिर नलागौं पनि होला । किनभने अबेर पनि भैसक्यो । यहाँहरूलाई कति टाढासम्म पुग्नुपर्ने हो कुन्नि ? तपाईहरूका बाँकी जिज्ञासाहरू अर्को आउने कार्यक्रममा पेश गर्नु नै हुनेछ । आजलाई यत्ति नै ।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

August 1998


| वर्ष- १६ | अङ्क- ४ | गुणपुन्ही | २०५५ |
|---|---|---|---|





★ जो दिव्य लौकिक एवं दिव्य काम (इच्छा) सुखमा आसक्त छैन, त्यही धर्मज्ञानी भिक्षुले संसारलाई अतिक्रमण गरेर सम्यक् परिव्राजक हुन सक्छ ।

★ ★ ★

★ उपाधिलाई जसले सारहीन सम्झन्छ र त्यसलाई ग्रहण गर्नमा जसले लोभलाई हटाउने काम गर्दछ, यो जगतमा उही नै सम्यक् परिव्राजक हो ।

★ ★ ★

★ जसले अतीत र भविष्य संस्कारको कल्पनाहरूलाई पार गरिसकेको छ, जसको प्रज्ञा अत्यन्त विशुद्ध छ र जो सबै आयतनबाट मुक्त भएको छ, त्यही यो जगत्मा सम्यक् परिव्राजक हो ।


प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


Downloaded from http://www.dhamma.digital

# त्रिपिटक

✍ देवेन्द्रराज शाक्य, बुटवल

"त्रिपिटक" बौद्ध धर्मावलम्बीहरूको पवित्र, ऐतिहासिक धर्म ग्रन्थ हो । जैन धर्मावलम्बीहरूको धर्म ग्रन्थ आगम, हिन्दूहरूको धर्मग्रन्थ वेद, मुस्लिमहरूको कुरान, इसाईहरूको बाइबल जस्तै यो बौद्ध धर्मावलम्बीहरूको धर्मग्रन्थ हो ।

त्रिपिटकको शाब्दिक अर्थ हो तीन टोकरी । यसमा तीन पिटकहरू समावेश गरिएकोले यसलाई त्रिपिटक भनिएको हो । ती तीन पिटकहरू हुन्: १. सुत्तपिटक २. विनयपिटक ३. अभिधम्म पिटक । सुत्तपिटकमा भगवान बुद्धले विभिन्न अवसरहरू र स्थानहरूमा दिनु भएका उपदेशहरू संकलित छन् । विनयपिटकमा भिक्षु, भिक्षुणीको लागि नियमहरू समावेश छन् । अभिधम्म पिटक मनोवैज्ञानिक एवं दार्शनिक ढंगबाट क्रमबद्धरूपमा उपदेश गरिएको ग्रन्थको संग्रह हो । बौद्ध साहित्यको गहन अध्ययन गरेका विद्वानहरूको सहयोग बिना सामान्य अध्ययनबाट यो पिटक बुझ्न गाह्रो छ ।

बौद्ध इतिहासमा लेखिएको छ – प्रथम शताब्दीमा श्रीलंकाका राजा वट्टगामणिको समयमा सिंहल भाषामा पहिलो पटक त्रिपिटक लेखियो । यसपछि बर्मा र थाइल्याण्डमा आ-आफ्नो देशको भाषामा त्रिपिटक लेखियो । बर्माको मांण्डलेमा त्रिपिटकको सम्पूर्ण भाग पालि भाषामा शिला लेखमा कुंदिएका छन् । साथै देवनागरीमा पनि यसको सम्पूर्ण भाग छापिइसकेको छ ।

त्रिपिटक मध्ये पहिलो पिटक सुत्तपिटकमा पाँच निकाय छन्:–

१. दीघ निकाय - यसमा ३४ सूत्र छन् ।
२. मज्झिम निकाय - यसमा १५२ सूत्र छन् ।
३. संयुक्त निकाय - यसमा ५६ संयुक्त, ५ वग्ग छन्, ती हुनः (क) सगाथावग्ग (ख) निदानवग्ग (ग) खण्डवग्ग (घ) सलायतनवग्ग (ङ) महावग्ग ।
४. अंगुत्तरनिकाय - यसमा ११ निपात छन् ।
५. खुद्दक निकाय - यसमा १५ ग्रन्थ छन् । ती हुन्: (१) खुद्दकपाठ (२) धम्मपद (३) उदान (४) इतिवुत्तक (५) सुत्तनिपात (६) विमानवत्थु (७) पेतवत्थु (८) थेरगाथा (९) थेरीगाथा (१०) जातक (११) निद्देश : (क) महानिद्देश (ख) चुल्लनिद्देश (१२) पटिसंभिदामग्ग (१३) अपदान (१४) बुद्धवंश (१५) चरियापिटक । उपरोक्त १५ ग्रन्थका अतिरिक्त निम्न ३ ग्रन्थलाई महत्वपूर्ण मानिएको कारण त्रिपिटकको अभिन्न अंग मानिएको छ । ती ग्रन्थ हुन्:– (१६) नेटिप्पकरण (१७) पेटकोपदेश (१८) मिलिन्दप्रश्न ।

दोस्रो पिटक विनयपिटक अन्तर्गत ५ ग्रन्थ छन्:–

१) पाराजिकपाली } सुत्तविभङ्ग
२) पाचित्तियपाली }
३) महावग्गपाली } खन्धक
४) चुल्लवग्गपाली }
५) परिवारपाली

(१) पाराजिकपाली:– भिक्खु विभंगमा भिक्षुहरूको लागि बनेका नियमहरू छन् । यसमा ८ काण्ड छन्:–

१) पाराजिक काण्ड - यसमा ४ नियमहरू छन् ।
२) संघादिदेस काण्ड - यसमा १३ नियमहरू छन् ।
३) अनियत काण्ड - यसमा २ नियमहरू छन् ।
४) निस्सगिय काण्ड - यसमा ३० नियमहरू छन् ।
५) पाचित्तिय काण्ड - यसमा ९२ नियमहरू छन् ।
६) पाटिदेसनिय काण्ड - यसमा ४ नियमहरू छन् ।
७) सेखिया काण्ड - यसमा ७५ नियमहरू छन् ।
८) अधिकरण समथ काण्ड - यसमा ७ नियमहरू छन् ।

(२) पाचित्तियपाली:– भिख्खुणी विभंङ्गमा भिक्षुणीहरूको लागि बनेका नियमहरू छन् । यसमा ७ काण्ड छन्:–



Downloaded from http://www.dhamma.digital

१) पाराजिक काण्ड - यसमा ८ नियमहरू छन्।
२) संघादिदेस काण्ड - यसमा १७ नियमहरू छन्।
३) निस्सगिय काण्ड - यसमा ३० नियमहरू छन्।
४) पाचित्तिय काण्ड - यसमा १६६ नियमहरू छन्।
५) पाटिदेसनिय काण्ड - यसमा ८ नियमहरू छन्।
६) सेखिय काण्ड - यसमा ७५ नियमहरू छन्।
७) अधिकरणसमथ काण्ड - यसमा ७ नियमहरू छन्।

भिक्षुहरूको लागि २२७ र भिक्षुणीहरूको लागि ३११ नियम बनेका छन्।

(३) महावग्गपाली:— यसमा धर्मचक्र प्रवर्तन सूत्र, अनात्म लक्षणसूत्र, आदित्य पर्यायसूत्र आदि सूत्रहरू समावेश गरिएका छन्। साथै यसमा उपोसथ, वस्सूपनायिक, पवारणखन्धक, चम्मखन्धक, भेषज्जखन्धक, कठिनखन्धक, चीवरखन्धक, चम्पेय्यकखन्धक तथा कोसम्वखन्धक छन्।

(४) चुल्लवग्गपाली: यसमा निम्न खन्धक छन्:— पारिवासिकखन्धक, समुच्चयखन्धक, समथखन्धक, अधिकरणखन्धक, सयनासनखन्धक, संघभेदखन्धक, वत्तखन्धक, पाटिमोक्खठपनखन्धक, भिक्षुणीखन्धक, पंचसतिकखन्धक, सत्तसतिकाखन्धक । नियम उल्लंघन गर्ने भिक्षु-भिक्षुणीहरूको लागि दण्ड विधानको पनि ब्यवस्था छ, जुन यसप्रकार छन्:— (१) तज्जनिय (२) निस्सय (३) पख्खेपनिय (४) पटिसारणीय (५) उक्खेपनिय।

(५) परिवारपाली:— यसमा माथि उल्लेख गरिएका नियम, उपनियमको ब्याख्या तथा त्यस सम्बन्धी उठेका प्रश्नहरूको उत्तर उल्लेख गरिएको छ।

तेस्रो पिटक अभिधम्मपिटक अन्तर्गत ७ ग्रन्थ छन् :— (१) धम्मसंगणि (२) विभंङ्ग (३) धातुकथा (४) पुग्गलपञ्ञति (५) कथावत्थु (६) यमक (७) पट्ठान।

उपर्युक्त ७ पिटकमध्ये धम्मसंगणि, विभङ्ग र पुग्गलपञ्ञतिसंगै पहिले नै सम्पादन गरी पूर्ण गरी सकिएको थियो। त्यसपश्चात धातुकथा, यमक र पट्ठान सम्पादन गरी पूर्ण गरियो। कथावत्थु अभिधर्म पिटकको सबभन्दा पछिल्लो ग्रन्थ हो।

ई. पू. ४८३ को वैशाख पूर्णिमाको दिन ८० वर्षको आयुमा कुशीनगरमा बुद्धको महापरिनिर्वाण भयो। वहाँले ३५ वर्षको आयुमा बुद्धत्व प्राप्त गरी ४५ वर्षसम्म विभिन्न देश देशान्तरमा आफूले प्राप्त गरेको ज्ञान प्रसार प्रचार गर्नुभयो। बुद्ध जीवित हुँदा वहाँको उपदेशहरू एकत्र गर्ने कार्यमा कसैको ध्यान गएन। बुद्धको महापरिनिर्वाण पश्चात वहाँले विभिन्न समय र स्थानहरूमा प्रवचन गरी समय अनुसारको उपदेश गर्नुभएको शिक्षा एवं नियमहरू संकलित गर्नुपर्ने महसूस गरियो।

**प्रथम संगायन:** बुद्धको महापरिनिर्वाणको ३ महिना पछि राजा अजातशत्रुको संरक्षकत्वमा तात्कालिन जेष्ठ भिक्षु महाकाश्यपको अध्यक्षतामा राजगृहमा भिक्षुहरूको महाअधिवेशन बस्यो जसलाई प्रथम संगायन भनिन्छ। प्रथम संगायन ७ महिनासम्म चलेको थियो र त्यसमा ५०० भिक्षुहरू सम्मिलित भएका थिए। उक्त प्रथम संगायनमा बुद्धका उपदेश र भिक्षु भिक्षुणीहरूको नियम क्रमश: सुत्तपिटक र विनयपिटक संकलन गरी संपादन गर्ने कार्य सम्पन्न भयो।

**दोस्रो संगायन:** बुद्धको महापरिनिर्वाण भएको १०० वर्ष पछि ई.पू ३८३ मा मगधराजा कालाशोकको संरक्षकत्वमा यस महास्थविरको सभापतित्वमा वैशालीको बालुकाराम विहारमा भिक्षुहरूको दोस्रो संगायन सम्पन्न भयो। ७०० भिक्षुहरू सहभागी भएको उक्त संगायन ८ महिनासम्म चलेको थियो। (दोस्रो संगायनको बेला बुद्ध धर्म २ सम्प्रदायमा विभाजित भयो १. स्थविरवाद वा थेरवाद (बुद्धको मूल उपदेश मान्ने) यसलाई हिनयान भनियो। २. महासांघिक (दोस्रो संघायन हुँदा उक्त संगायनले दोषी ठहऱ्याई संघबाट निकालिएका भिक्षुहरूको समूह) यसलाई महासांघिक भनियो।

**तेस्रो संगायन:** सम्राट अशोकको संरक्षकत्वमा भिक्षु मौद्गलिपुत्र तिष्यको अध्यक्षतामा ई.पु २४८ मा पाटलिपुत्रको अशोकाराम विहारमा भिक्षुहरूको तेस्रो संगायन सम्पन्न भयो। उक्त संगायनामा १०००



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूको सहभागिता रहेको र ९ महिनासम्म चलेको थियो ।

**चौथो संगायनः** श्रीलंकाका राजा वलगम्बा (वट्टगामिनी अभय) को पालोमा ई.पू. ७९ मा श्रीलंकाको आलोक विहारमा भिक्षु रक्खित महास्थविरको सभापतित्वमा चौथो संगायन सम्पन्न भयो । ५०० भिक्षुहरू सम्मिलित उक्त संगायनमा त्रिपिटक प्रथम पटक तालपत्रमा लेखियो । भगवान बुद्धको महापरिनिर्वाण भएको ४०४ वर्ष पछि बुद्धवचन एवं उपदेशहरू परिमार्जित गरी लिपीवद्ध गर्ने कार्य सम्पन्न भयो ।

**पाँचौं संगायनः** सन् १८७१ मा बर्माको मांडले शहरमा त्यहाँका राजा मिं डों मिं को संरक्षकत्वमा क्रमशः महाथेर जागराभिवंस, महाथेर नरिंदभिधज तथा सुमंगलसामीको अध्यक्षतामा पाँचौं संगायन सम्पन्न भयो । यस संगायनमा दुई हजार चार सय भिक्षुहरूले भाग लिनुभएको थियो । साथै यो ५ महिनासम्म चलेको थियो । यस संगायनमा त्रिपिटकलाई संगमरमरमा लेख्ने कार्य पनि सम्पन्न भयो ।

**छैठौं संगायनः** सन् १९५४ मईमा बर्माको प्रधानमन्त्री उ नुको आयोजना एवं संरक्षकत्वमा श्रद्धेय अभिधज महारट्ठगरु भदन्त रेवतको अध्यक्षतामा छैठौं संगायन सम्पन्न भयो । यसमा दुई हजार पाँचसय भिक्षुहरूको सहभागिता थियो । यस संगायनमा त्रिपिटक तथा यसको अट्ठकथा टिका आदिको पुनः विश्लेषण गरियो र प्रमाणित संस्करणको म्यानमार (बर्मा) लिपिमा मुद्रण कार्य गरियो । यस संगायनको समापन सन् १९५६ को वैशाख पूर्णिमाको दिन, भगवान बुद्धको महापरिनिर्वाण २५०० वर्ष पूरा भएको अवसरमा गरियो ।

थेरवाद (स्थविरवाद) सम्प्रदायको ६ पटक भएको संगायनहरू मध्ये पछिल्लो दुई संगायन (पाँचौं र छैठौं) बर्मामा सम्पन्न भएको थियो ।

अस्तुः

**॥ भवतु सब्ब मंगलम् ॥**

■

## "सुकर्म मार्गय् न्ह्याःवनेनु"

✍ भरतराज चित्रकार
शाही औषधि लिमिटेड

मनूया भावना मनूनं हे मथूपिं झीपिं
मेपिं प्राणीया भावना थुइगु नं गथे ?
धर्मया ख्वाःपाः ख्वालय् जक पुयाः
मूर्ति पूजा यानाःजक पुण्य दैगु नं गथे ?

मनय् वैरभाव तयाः न्ह्यू ख्वाः जक क्यनाः
खुशी व सुखी धैगु झीके दैगुनं गथे ?
अन्याय् व अत्याचार यानाज्वी सदां हे
अले, शान्तीया किचः धैगु झीके दैगुनं गथे ?

थःगु क्रोधयात थम्हं हे त्याके मफुपिं झीपिं
ल्वय् वइगु ज्यायानाः निल्वगीया कामना यानांजक जीला ?
कतपिन्त क्वत्यलाः थः लय्ताइपिं झीपिं
सकसितं दुःख बियाः झीत जय् जुइला ?

धर्मात्मा धायका नां जक थ्वय्कीपिं झीपिं
जाकिं पूजा यानाः जक धर्म जुइला ?
स्वार्थया नितिं हत्या याइ झीसं ल्वहंया मूर्तिइ
निर्दोष प्राणीपिन्त ख्वय्काः द्यो लय्ताइला ?

अय्जूगुलिं, धर्मया मर्म थुइकाः झी सकलें
आः कुकर्म याय्गु ज्या सदां त्वःता वनेनु
मन, वचन व शरीरं सुयातनं कष्ट मयासे
सुकर्म याना सदां झी आः न्ह्याःवनेनु

**–ः लोक-नीति :–**

**मित्रता नभएको शत्रुलाई विश्वास नगर्नु, मित्रलाई पनि विश्वास नगर्नु, मित्र रिसाएको कुनै बखतमा आफ्नो सबै दोष प्रकाश गरिदिनेछ ॥६॥**



Downloaded from http://www.dhamma.digital

# बुद्धको मध्यम मार्गको महत्व

✍ हिरण्यराज बज्राचार्य, ल.पु. भिंछेवा:हाल

बुद्ध धर्ममा तीन विषयहरूको महत्त्व छ । किनकि बुद्ध पनि तीन किसिमका छन् (१) सम्यक् संवुद्ध (२) प्रत्येक बुद्ध (३) श्रावक बुद्ध; त्यस्तैगरी बुद्धका यान पनि तीनै वटा छन्: (१) श्रावकयान (२) महायान (३) वज्रयान ।

यति मात्र होइन बुद्ध धर्ममा अरू तीन कुरा झन् महत्वपूर्ण छन् ती हुन्: बुद्ध ... धर्म ... संघ । यसलाई "त्रिरत्न" पनि भन्ने गर्दछन् किनकि रत्न बहुमूल्य चीज हो, यो सितिमिति पाउन गाहारो छ, दुर्लभ छ - त्यस्तै गरी बुद्ध ... धर्म ... संघको खास प्राप्ति पनि गाहारो नै छ । बौद्ध धर्मको कार्यक्रममा सर्वप्रथम शील प्रार्थना गर्ने प्रचलन छ । शील प्रार्थना अगावै **बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि** भनी दोहऱ्याई तेहऱ्याई तीन पटक भन्ने गरिन्छ तर यो पुनरोक्ति दोष नभै जोडदारले बुद्ध ... धर्म ... संघ प्रति मेरो पूर्ण विश्वास छ भनी दृढता ब्यक्त गरिएको हो । बुद्ध धर्म जान्नु, बुद्ध धर्म पालन गर्नु हो । अत: यसबारे केही विशेष चर्चा गरौं:-

**बुद्धको अर्थ र भाव:**

बुद्ध भनेको नै बुझ्ने र बुझाउने क्षमता भएको प्रज्ञा ज्ञान युक्त गुरु हो । सत्‌गुरु नभै प्रज्ञा ज्ञान प्राप्त गर्न सकिदैन । अत: बुद्ध अर्थात् गुरुनै सत्‌मार्गको उपदेशद्वारा मानवलाई ठीक मार्गमा डोऱ्याउन सक्ने र ठीक निर्देशन दिनसक्ने हुनाले बुद्ध अर्थात् गुरु भनिएको हो । बज्रयानमा पनि बुद्धलाई गुरु भनी मानिआएको छ । अत: बुद्ध गुरु उपदेशक, मार्ग निर्देशक - धर्म शिक्षा मार्ग हो भने संघ कार्यान्वयन गराउने निकाय हो । त्यस्तै गरी यी तीनै एक आपसमा परिपूरक र अन्योन्याश्रित छन् । धर्म र संघको ठीक संचालनार्थ सर्वप्रथम गुरुको आवश्यक छ । त्यसो भएमात्र बुद्ध धर्म संघ ब्यवस्थित रूपले चल्छ ।

अब आयो दोश्रो धर्मको कुरा: धर्म भनेको के हो त ? धर्म भनेको अरू कुनै पनि ब्यक्ति विशेषलाई केही पनि हानी नोक्सान नगरी आफू र अरूको हित (कल्याण) को लागि सत्‌कर्म र उपकार गर्नु नै धर्म हो । अब धर्म भनेको केमा आधारित छन् त भन्ने बुद्धको अष्टांगिक मार्ग (१) सम्यक् दृष्टि (आर्य सत्यको ज्ञान) (२) सम्यक् संकल्प (दृढ निश्चय) (३) सम्यक् वचन (सत्य वचन) (४) सम्यक् कर्मान्त (हिंसा द्रोहादि रहित कर्म) (५) सम्यक् आजीव (न्यायपूर्वक जीविका) (६) सम्यक् ब्यायाम (मनमा नराम्रो विचार उठ्नै नदिने र उत्पन्न नभएको राम्रो विचार उत्पन्न गर्ने प्रयत्न ।) (७) सम्यक् स्मृति (सधैं सतर्क भैरहने र सचेत हुने, ज्ञान तथा लोभादि चित्त संतापबाट टाढा रहनु र (८) सम्यक समाधि (चित्तको शुद्धता एवम् एकाग्रता । यी अष्टाङ्गिक मार्ग हुन् । यी मध्ये पहिलेका तीन सम्यक् दृष्टि, सम्यक् संकल्प, प्रज्ञास्कन्धमा, सम्यक वचन, सम्यक् कर्मान्त र सम्यक् आजीव-शील स्कन्धमा र बाँकी सम्यक् ब्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि-समाधि स्कन्धमा ब्यवस्थित छन् । अतएव **प्रज्ञा, शील, समाधि** तीनलाई बुद्धका मूल शिक्षा भन्ने प्रचलन छ । बुद्धका अनुसार अष्टाङ्गिक मार्गको अभ्यास गर्नाले प्रज्ञाको उदय हुन्छ र निर्वाण प्राप्त हुन्छ ।

**प्रज्ञा, शील र समाधि** यी तीन भित्रै बुद्धका उपदेशको सार अभिब्यक्त हुनेहुँदा यिनलाई मूल शिक्षाको संज्ञा दिइएको र यही मार्गद्वारा मानिसको **राग, दोष, मोह** अन्त हुनु र मध्यम मार्गलाई यिनै तीन भित्र बाँडिएको छ । प्रज्ञा पनि तीन छन्: **श्रुतमयी, चिन्तामयी र भावनामयी ।** प्रज्ञाको अनुष्ठान गर्नाले ज्ञान, दर्शन, मनोमय शरीरको निर्माण, दिब्य गोत्र, दिब्य चक्षुको ज्ञान हुन्छ । ज्ञानोत्पत्तिका लागि चित्त र शरीर शुद्धिको नितान्त आवश्यक छ भन्ने बुद्ध मत छ । त्यसैले उनले शीलको आचरणद्वारा शरीर शुद्धिमा समाधिमा जोड दिए । गृहस्थका लागि पंचशीलका साथमा समाधिमा जोड दिइयो र भनियो जब चित्त कामाश्रव - (भोग गर्ने इच्छा), भावाश्रव (जन्मको इच्छा) अविद्याश्राव (अज्ञान मल) बाट सदाका लागि मुक्त हुन उपरोक्त तीन आस्रव क्षयका मार्ग पनि बुद्धले निर्देशित गर्नुभएको छ जुन निर्वाणमा पुग्न आवश्यक छ । यसरी **मन, वचन, कर्म** यी तीन कुरा पनि सत् मार्ग र सत्‌कर्मको लागि अनिवार्य तत्त्व हुन् । सिद्धार्थ गौतम बुद्धले यिनैको आधारमा ध्यानद्वारा सम्यक् सम्बोधि लाभ गर्नुभएको थियो । सम्बोधि केवल धर्मको मात्र अधिपति हुने गर्दछ । धर्म नै बुद्धको वास्तविक स्वरूप हो वा वास्तविक बुद्ध हो । यथार्थमा यसलाई विज्ञान भन्न सकिन्छ । अप्रतिष्ठित, असंस्कारगत, अनन्त, सर्वत्त, प्रभ आदि । यसलाई सम्बोधि अथवा प्रज्ञादेखि भिन्न गर्न सकिन्न । बुद्धका सम्बोधिसार पारमार्थिक स्वरूपलाई दृष्टिमा राखेर उनलाई मनुष्य अथवा देवता मार या ब्रह्मा देखि



Downloaded from http://www.dhamma.digital

विलक्षण मान्नु पर्दछ । यी सबै नै त्रिलोकीका **स्वर्ग, मर्त्य, पातालका** अन्तपाती हुन् । बुद्ध तदुतीर्ण यो धारणा नै महायानमा बुद्धका स्वाभाविकता अथवा धर्मकायको प्राचीन आधार हो । मनोमयद्वारा साक्षात् उपदेशको सन्दर्भ बौद्ध ग्रन्थमा उपलब्ध हुन्छ । यसरी यो देख्न सकिन्छ कि तथागतको अद्वयज्ञान र अलौकिक योग बलकै महायानको **त्रिकायः धर्म काय, संभोग काय तथा निर्माण काय**को वास्तविक मूल हो । अब आयो दश पारमिताको कुरा जुन बोधिसत्त्वहरूले आफ्नो दश जन्ममा दशवटा गुण प्राप्त गरी बुद्धत्त्वमा पुग्न सक्दछ। यो पनि तीनै कुरामा आधारित छन् किनकि बोधिसत्त्वहरूको **गर्भ प्रवेश, स्थिति र निष्क्रमण** सम्पादनपूर्वक हुने गर्छ। यी तीन असंख्य कल्पमा बुद्धत्व प्राप्त हुन्छ ।

अब आयो "संघ" को कुरा - संघको प्रावधान असल बोली, विचार तथा कार्य भन्नाले **मन, वचन र कर्म** सर्वतोमुखी जनकल्याणको लागि छ । बुद्ध संघमा ब्यावहारिक कक्षामा रहेर बुद्ध. बोधले परिपक्व आचरणले उक्त सदाचारी मानवले स्थानीय संघमा रहेर बुद्ध धर्मको नेतृत्व भइरहेको हुन्छ । समस्यानुकूल जनजनमा प्रतिपादित विषय ब्यावहारिकतामा अनुमोदन गराइन्छ । उदाहरणको रूपमा विभिन्न बेला बौद्ध संगायनाहरू यसको ज्वलन्त उदाहरणहरू हुन् । यसरी हेरेर लैजाँदा संसार सागरबाट पार भएर जाने ज्ञान, अज्ञानको मिश्रण नभएको निर्मल शुद्ध प्रज्ञायुक्त भइरहेको बुद्धि विवेक सबैको संगठनात्मक रूपमा "संघ" बनिरहेको धर्मलाई नै बुद्ध धर्म भनिएको हो - उदाहरणको रूपमा बुद्धले भन्नुभएको छः–

"हे भिक्षुहरू ! मैले आफूलाई भिक्षु संघको संचालक ठान्दिन, तिमीहरूले पनि आफूलाई बुद्धको अधिनमा छु भनी नठान ।" उहाँले फेरि भन्नुभयो- "आनन्द ! यदि भिक्षु संघले चाहन्छ भन्ने म मरेपछि मेरो उपस्थितिमा बनाएका स-साना नियमहरूलाई त्यागिदिए पनि केही आपत्ति छैन। यो बुद्धको मानवताको ज्वलन्त उदाहरण हो किनभने बुद्धको विचार अनुसार नियम (कानून) मानिसको लागि हुन् । मानिस आफै नियम र कानूनको लागि होइन । एउटै नियम संधैको लागि लागू गर्न असंभव पनि हुनसक्छ । अतः देश र समायानुकूल नियम पनि परिवर्तनशील (Flexible) भएमा केही फरक पर्दैन तर नियम मानव कल्याण बहुजन हिताय सुखायको लागि हुनुपर्दछ । यो प्रजातान्त्रिक विचारधारा हो । बुद्धवादमा संघको प्रकृयाहरू संसारका संसदीय प्रथा जस्तै छ ।

अब यस्तै अरू पनि तीनको महत्त्व भएको कुराहरू छन्ः–

सिद्धार्थ गौतम बुद्धको जन्म, महासम्बोधि लाभ र महापरिनिर्वाण पनि वैशाख पूर्णिमाकै दिनमा भएको त्रिसंयोग थियो। अतः वैशाख पूर्णिमालाई पनि महत्त्व-पूर्णकै दिन मानिआएको छ । यस्तैगरी भगवान बुद्धको मूलभूत उद्देश्य अनुरूप बहुजन हिताय बहुजन सुखायको काममा आफूलाई उत्सर्ग गर्दै **अनित्य, दुःख र अनात्म** ज्ञान यी तीनको ज्ञानको यथार्थतालाई पहिचान गरी अन्तिम मोक्ष प्राप्त गर्नु हो । यहाँ मोक्षको अर्थ मरणोपरान्त कुनै इश्वरको शरीरमा लीन हुने नभै त्रैधातु लोकमा पुनः जन्म लिनु नपर्ने गरी सांसारिक दुःख वन्धनबाट मुक्त हुने बुद्धको मध्यम मार्ग हो ।

फेरि बुद्ध धर्ममा **काय, वाक्, चित्त**को पनि विशुद्ध मन निर्माणको लागि उत्तिकै महत्त्वपूर्ण बताइएको छ । यी तीन कुरा बुद्ध धर्ममा अरू दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । यसै सन्दर्भमा बुद्धको जीवनमा घटेको एउटा महत्त्वपूर्ण घटना उल्लेख गरिन्छः सिद्धार्थ गौतम बुद्धले तीनै कुराको बीचको कुरालाई लिएर "मध्यम मार्ग" अर्थात् सम्यक् सम्बोधि (बुद्धत्व) प्राप्त गर्नुभएको हो ।

जब सिद्धार्थ गौतम बुद्ध नैरंजना नदी छेउ बुद्धत्व प्राप्त गर्न आसनवद्ध भै निराहार तपश्चर्यामा लीन भै अस्तिपंजर मात्र बाँकी रहने गरी बसेर पनि सम्बोधि ज्ञान अर्थात् बुद्धत्व प्राप्त गर्न सकेन । त्यसैवेला वीणा बजाउँदै गरेका गायक समूह नै उनको प्रेरणाको श्रोत बन्यो । वीणाको तार ज्यादै कस्सिएर पनि तीखो रूखो मन नपर्ने स्वर निस्कन्छ र वीणाको तार खुकुलो भए पनि स्वर मिलान नभै नराम्रो अस्पष्ट स्वर निस्कन्छ । त्यसैले ठीक रूपमा मिलाएको तारले वीणा ठीकसंग मधुर स्वरले बज्दछ। त्यसैगरी अति आहारले पनि नपची अजीर्ण हुन्छ, अल्पाहारले पनि शरीरमा तागत नदिई निर्वल हुन्छ । ठीक आहारले नै शरीरमा बल प्राप्त भै निरोगी भै शरीर हृष्टपुष्ट फूर्तिलो बन्दछ । निराहार तपस्या पनि ब्यर्थ छ । जीउलाई कष्ट दिनु ठीक छैन, ज्ञान पनि प्राप्त हुन्दैन भनी उपरोक्त ज्ञानबाट बीचको "मध्यम मार्ग" रोजी सम्बोधि ज्ञान लाभ (बुद्धत्व) प्राप्त गर्नुभयो । ■

**-: लोक-नीति :-**

**आइमाईहरूको धन रूप, पुरुषहरूको धन विद्या, भिक्षुहरूको धन शील र राजाहरूको धन पल्टन हो ।**



Downloaded from http://www.dhamma.digital

# ल्हासा यात्रा - एक संस्मरण

✍ रीना तुलाधर

हालै एउटा बौद्ध शहर "ल्हासा" भ्रमण गर्ने मौका पाएँ। चीनको पश्चिमतिर २६° ५०' - ३६° ५३' उत्तरी अक्षांस र ७८° २५' - ९९° ०६' पूर्वी देशान्तर र औसतमा समुद्री तहदेखि ४,००० मि. उँचाईमा अवस्थित तिब्बत राज्यको एक प्रमुख शहर हो "ल्हासा"। ल्हासा कुनै समय तिब्बत राज्यको अति नै संवृद्ध र सम्पन्न शहर अहिले चीन सरकारको अधिनमा रहेको छ। यो भौगोलिक दृष्टिकोणले नेपालको उत्तरी सिमानासँग जोडिएको नेपालको छिमेकी देश हो। ल्हासा भ्रमणमा देखी, सुनी आएका कुराहरूले ज्यादै प्रभावित भएर खास गरी ल्हासामा निवास गर्ने तिब्बतीहरूको बुद्ध धर्मप्रति अगाढ श्रद्धा र भक्ति देखि यसै सम्बन्धि कुराकानी गर्ने उद्देश्यले यो लेख लेखेकी हुँ।

तिब्बत देशको निर्माता श्रोङ चङ गम्पो, जसले सातौं शताब्दीमा तिब्बतका स-साना राज्यहरू आफ्नो अधिनमा ल्याई टुबो राजवंशको शुरूवात गरे, अति नै पराक्रमी राजा थिए। तिब्बतको इतिहासमा यसको ठूलो नाम छ। यहाँ उल्लेखनीय कुरा यही छ कि श्रोङ चङ गम्पो बुद्ध धर्ममा आस्था भएर बौद्ध भएपछि यिनको पराक्रम स्वरूप नै आजसम्म तिब्बतमा बुद्ध धर्मको अति संवृद्ध रूपमा विकास भयो। आफ्नो राज्यको विस्तार गर्ने सिलसिलामा श्रोङ चङ गम्पोले चीन सम्राट र नेपालको महाराजा अंशुबर्मालाई बाध्य गराएर चिनी राजकुमारी वेङचेङ र नेपाली राजकुमारी भृकुटी देवीसँग विवाह गरे। यीनै आफ्नी महारानीहरूबाट बुद्ध धर्म सिकी श्रोङ चङ गम्पो बौद्ध भए र आफ्नो देशलाई बौद्ध बनाए। सातौं शताब्दीको मध्यमा श्रोङ चङ गम्पोले यस प्रकार बुद्ध धर्म अँगाल्नुभन्दा पहिले त्यहाँ "बोन धर्म" प्रख्यात थियो भनिन्छ।

सातौं शताब्दीमा श्रोङ चङ गम्पोको समयमा भित्रिएको बुद्ध धर्म तिब्बतमा अति नै राम्रोसँग विकसित भयो। तिब्बतको इतिहासमा बुद्ध धर्मले ठूलो वा प्रमुख जरो गाडेको छ किनकि अधिकांश तिब्बती राज्याधिपतिहरू कट्टर बौद्धहरू निस्के। तिनीहरूले अनेकौं किसिमले बुद्ध धर्मको संरक्षण र विकास गर्न आ-आफ्नो देन छोडेर गएको कुरा तिब्बतको इतिहासले बताउँछ। तिब्बतमा बुद्ध धर्मको विकास भएको आधारमा समय अवधि अनुसार तिब्बतको इतिहासलाई विभिन्न युगमा विभाजन गरिएको पनि छ। जस्तैः आरम्भ युग (६४०-८२३ ई. सम्म) अर्थात श्रोङ चङ गम्पोको युग, शान्त रक्षित युग (८२३ - १०४२ ई. सम्म), दीपंकर युग (१०४२ - ११०२ ई.), स-सक्य युग (११०२ - १३७६ ई.), चोङ ख-पा युग (१३७६ - १६६४ ई.) र अन्तिम युग (१६६४ ई. - )। तिब्बतको धार्मिक इतिहास अध्ययन गर्नतिर लाग्यौं भने तिब्बती राज्याधिपतिहरूले बुद्ध धर्मको क्षेत्रमा गरेर गएको विशेष कार्यहरू, देनको बारेमा ज्ञान हुन सक्छ। भनिन्छ, पाँचौं, दलाई लामाको पश्चात धार्मिक क्षेत्रमा तिब्बतले विशेष काम गरेन। "तिब्बतमा बुद्ध धर्मको इतिहास" - यो ठूलै विषय भयो जुन यो लेखको सानो डायराभित्र अट्दैन। अतः ल्हासा भ्रमणमा देखी सुनी आएका केही अनुभवहरू पोख्नेसम्मै यो लेख सिमित राख्न खोजेकी छु।

आजको आधुनिक युगमा पनि ल्हासामा डे-पुङ, से-रा आदि ठूला ठूला गुम्बा, विहारहरूले पूर्ववत परम्परा अनुसार नै ठूलो शिक्षण संस्थाको रूपमा काम गरिरहेको छ। हामीले भ्रमण गरेका विभिन्न गुम्बा, विहारहरूको संक्षिप्त विवरण दिने रहर लागेको छ। सबैभन्दा पहिलो चोटी "डे-पुङ" (Drepung Monastery) गएँ। डे-पुङ जसलाई टाशी-मेग्युर-चक्जुलिङ (Tashi-Megyur-Chakju) पनि भनिन्छ गेलुपा संप्रदाय (Gelupa Sect) को ६ वटा ठूल ठूलो गुम्बाहरू मध्य एक हो। ल्हासाको केन्द्रिय बजारबाट १० कि.मि. पश्चिमतिर ग्यාफेल-ओऊ-त्से (Gyephel-Ou-Tse) पहाडको मुनितिर यो गुम्बा अवस्थित छ। यो गुम्बा १४१६ ई. मा जाम्याङ-चोजे-ताशि-फलेन (Jamyang-Choje-Tashi-Phlden) ले बनाएका थिए। यिनी चोङ ख्पा (Tsong-Khapa) का शिष्य थिए। १९५९ भन्दा पहिले यहाँ ७,७०० भिक्षु बस्थे। आजकल १०० जना जति भिक्षु बस्छन्। यहाँ भित्र ६ वटा मुख्य मन्दिरहरू छन् - गाडेन पालेस (Gaden



Downloaded from http://www.dhamma.digital

Palace), चोछेङ (Tsochen), ङाकपा (Ngkpa), लोसालिङ (Losaling), गोमाङ (Gomang) र डे-याङ (Dyeyang)। त्यहाँ भएका मुख्य मुख्य मूर्ति तथा स्मारकहरूमा मैत्री बोधिसत्त्व, यामान्ताका (Yamantaka), मित्रुक्पा (Mitrukpa), सुत्र-कंग्युर (Sutra Kangur) तथा असंख्य थाङका, ग्रन्थहरू, सुनका अक्षरले लेखिएका पुस्तकहरू हुन्। दोश्रोदेखि पाँचौ दलाई लामाको सिंहाशन संरक्षण गरेर राखिएको छ। पाँचौ दलाई लामासम्म यहीं बस्थ्यो। छैठौं दलाई लामादेखि पोतालामा बस्थे। यो गुम्बा भित्र ४,००० भिक्षुहरू बसेर प्रार्थना गर्ने ९२ वटा खम्बा भएको Assembly Hall अद्भूतको छ। एउटा ठूलो चोक बनाइएको छ जहाँ कार्यक्रमहरू र धार्मिक छलफलहरू गरिन्थ्यो। शाक्यमुनि बुद्धको स्मृतिमा बनाइएको १३ वटा चैत्यहरू अद्भूतको छ। श्रोङ चङ गम्पोको ठूलो स्मारक बनाइएको छ। श्रोङ चङ गम्पोको स्मारकमा जहाँ पनि शिरमा शाक्यमुनि बुद्ध राखिएको हुन्छ।

यो गुम्बाभित्र दर्शनशास्त्र अध्ययन गर्न तीनवटा धार्मिक कलेजहरू र तान्त्रिक बुद्ध धर्म अभ्यास गर्न एउटा कलेज बनाइएको छ। दर्शनशास्त्रको कलेजमा अध्ययन गरिने पाठचांश पुस्तहरूमा चोङ ख्पा र उनका दुईवटा शिष्यहरूले लेखेका पुस्तकहरू हुन्। पञ्चेन - सुडाक, गोमाङ - क्वीन - मेम्याङ - शिपे तथा पाँचौ दलाई लामाको डोकुमेन्टरी पनि प्रयोग गरिन्छ। डे-पुङ गुम्बाले २० हजार वर्ग मि. क्षेत्र ओगटेको छ।

"सेरा गुम्बा" (Sera Monastery) अर्को ठूलो गुम्बा हो ल्हासाको ३ कि.मि. उत्तरतिर यो अवस्थित छ। सन् १४१९ मा गेलुपा संप्रदायका प्रवर्तक चोङ-ख-पा (Tsong Khapa) का शिष्य जामचेनछुप्जे शाखा-येशे (Jamchenchupje Shakha Yeshe) ले बनाएका थिए। गेलुपा अथवा पहेंलो टोपि सम्प्रदायको तीनवटा प्रमुख गुम्बाहरूमा सेरा, गाण्डेन र डे-पुङ हुन्। यो गुम्बाले ११४९६४ वर्ग मि. क्षेत्र ओगटेको छ। यो गुम्बाको कम्पाउण्डभित्र ठूलो हल, तीनवटा कलेजहरू र तीसवटा घरहरू छन्। यो गुम्बाभित्र अमिताभ बुद्ध, शाक्यमुनि बुद्ध, चोङ-ख्-पा, नागार्जुन, मञ्जुश्री, मैत्री बुद्ध, सहश्र लोकेश्वर, श्वेत तारा, ताराको २१ वटा अवतार इत्यादि स्थापना गरिएका छन्। यस गुम्बाको एउटा हलमा शाक्यमुनि बुद्धको दाँया बाँया सारिपुत्र र महामौद्गल्यायनको मूर्तिहरू थेरवाद भिक्षुहरूको भेषमा स्थापना गरिएको अलग्ग किसिमको छ। अन्य ठाउँमा यस्तो कहीं देखिएन। अन्य सबै ठाउँमा मूर्तिहरूलाई महायानी तवरले बनाई वस्त्र र गहना पहिराई नै राखिएको देखें। एउटा साँगुरो कोठाभित्र जन आस्था अनुसार बच्चाहरूको रक्षा गर्ने देवता "हाइंग ग्राविन" वा तिब्बती भाषामा "सारतुन्डि" राखिएको छ। त्यहाँ भक्तहरूको घुइँचो लागेको छ।

"पोताला दरबार" ल्हासाको सबैभन्दा अद्भूतको बनावट हो। यो Red Hill मा बनाइएको छ। उँचाइमा अवस्थित भएको हुनाले शहरको प्रायश: ठाउँबाट यसलाई देख्न सकिन्छ। "पोताला" शब्द संस्कृत भाषाको शब्द हो। सातौं शताब्दीमा राजा श्रोङ चङ गम्पोले ताङ राजवंशको राजकुमारी वेङचेङसँग विवाह गरेपछि यो दरबार ध्यान भावनाको अभ्यासको लागि बनाइएको थियो। सत्रौं शताब्दीको मध्यमा पाँचो दलाई लामाले पोताला दरबारलाई आजको स्थिति बनाए। त्यहाँदेखि पोताला दरबार दलाई लामाहरूको शीतकालीन दरबार रह्यो। यो दरबारको निर्माण पचास वर्षपछि पुरा भयो। दरबारको उँचाई ११५.७०३ मिटर छ। यसमा १३ वटा तल्लाहरू छन्। पूर्वबाट पश्चिममा लम्बाई ४०० मिटरको छ र दक्षिणबाट उत्तरतिरको चौडाई ३५० मिटर छ। पुरै दरबार ढुङ्गा र काठले बनाइएको छ। सभा कोठा, मन्दिरहरू, समाधि चैत्यहरू, भिक्षुहरू बस्ने शयन कक्षहरू आदि गरेर जम्मा १००० वटा कोठाहरू यस दरबारभित्र बनाइएका छन् जसमध्ये हामी पर्यटकहरूले ३० वटा जति कोठाहरू हेर्न पायौं। पोताला दरबारको प्रमुख निर्माण दुई भागमा छुट्याइएको छ। रातो दरबार (Red Palace) जुन धार्मिक कार्यक्रमहरूको लागि चलाइन्छ र सेतो दरबार (White Palace) जुन सरकारी कारोबारहरूको लागि चलाइन्छ। दरबारको टुप्पो सुनका गजुरहरूले टल्किन्छ। पोताला दरबार तिब्बती संस्कृतिलाई दर्शाउने अति नै वैभवशाली अद्भूतको निर्माण हो। पोताला दरबार हेरेपछि यस्तो लाग्छ त्यो बेलाको Architect हरू आजका Architect हरू भन्दा पनि उच्चस्तरको हुनुपर्छ। पोताला दरबार विश्वकै एउटा अनौठो सम्पदा ठहरिन्छ।



Downloaded from http://www.dhamma.digital

यहाँ भित्रको असंख्य मूर्तिहरू, स्मारकहरू, ग्रन्थहरू, थाङकाहरू, चित्रकलाहरू अद्भूतको छ । दलाई लामाहरूको स्मारकहरू सिंहाशनहरू, भारतबाट आएका बौद्ध विद्वानहरूको स्मारकहरू, पद्मसम्भव, श्रोङ चङ गम्पो र उनका परिवारहरू, शाक्यमुनि बुद्ध, कालचक्र, नागार्जुन, हरित तारा, श्वेता तारा, १००० वटा बुद्धहरू भएको कोठा, २००,००० वटा मोतिहरूले बनाइएको चैत्य, मैत्री बोधिसत्व आदिको असंख्य मूर्तिहरू स्थापना गरिएको छ । हरेकमा सुनले पेन्ट गरिएको, सुनका पाताहरूले ढाकेको र असंख्य रत्न, जवाहरातहरू जडिएको हुन्छ । अमूल्य महँगो कपडाको वस्त्र पहिराएको हुन्छ । कुनै पनि मूर्ति नाङ्गो राखिंदैन । असंख्य यस्ता भव्य देव देवीहरू, ग्रन्थहरू हेर्दा हेर्दै आँखा थाकिन्छ । पोताला दरबारभित्र सबैभन्दा अद्भूतको बनावट प्रत्येक दलाई लामाहरूको मृत्युपछि तिनका अस्थि राखेर तिनको स्मृतिमा बनाइने सुनका समाधि चैत्यहरू हुन् । यस्ता चैत्यहरू पुरै सुनका पाताहरूले ढाकिएको हुन्छ । भव्य किसिमले कुँदिएको, रत्न जवाहरातहरू जडिएको अनौठो किसिमको छ । उदाहरणको लागि १३ औं दलाई लामाको स्मृतिमा बनाइएको सुनको चैत्यको छोटो वर्णन गरौं- १३ औं दलाई लामाको सन् १९३३ मा मृत्यु भएपछि १९३६ मा बनाइएको यो सुनको चैत्य १५ १/२ मिटर लामो छ । जम्मा ५९० किलो असल सुनले बनाइएको छ । असंख्य अनमोल हिरा, मोति, रत्न, जवाहरातहरू जडिएको छ । सुन र चाँदिका ठूल ठूला घ्यू राखेर बाल्ने बत्तिहरू धेरै ठाउँमा राखिएका छन् ।

पोताला भित्र हेरेपछि तिब्बतीहरूको धर्मप्रतिको आस्था, श्रद्धा, भक्तिदेखि चकित हुनु बाहेक अरू केही भन्नु छैन ।

अर्को महत्वपूर्ण मन्दिर "जोरवङ" हो जुन ल्हासाको पुरानो केन्द्रिय बजारमै अवस्थित छ । यो ठाउँलाई "भारवोर" भनिन्छ । यो ठाउँमा बस्ने तिब्बतीहरूमा आधुनिक जनजीवनको ढाँचाले पटक्कै नछोएको देखिनछ । तिनीहरू पुरानै भेषभूषा र रहन सहनमा छन् । दिनको अधिक समय पूजा, प्रार्थना गर्ने, दण्डवत गर्ने, मन्दिर घुम्ने आदि काममै बिताउने देखिन्छ । यो ठाउँलाई ल्हासाको सक्कलि ठाउँ भन्न सकिन्छ । अधिकांश तिब्बतीहरू दिनहुँ पूजा प्रार्थनाको लागि जाने ठाउँ यही मन्दिर हो । यो मन्दिरदेखि हामी नेपालीहरूले गर्व गर्न सक्छौं । नेपालकी राजकुमारी भृकुटीले श्रोङ चङ गम्पोसँग विवाह गरेर तिब्बत जाँदा दाइजोमा लगेका अक्षोभ्य बुद्ध, मैत्री बोधिसत्त्व र चन्दनको ताराको मूर्तिहरू स्थापना गरेर तिनले नै बनाएको यो मन्दिर हो । पछिका तिब्बती शासकहरूले यस मन्दिरको विस्तार गरे । पश्चिमतिर फर्केको पूर्वतिर अवस्थित यो गुम्बा चार तल्ले छ । सुनका गजुरहरू टल्किन्छ । यहाँको कलामा नेपालीपन झल्किन्छ साथै चिनीया र भारतीया मन्दिरहरूको नक्सा पनि आउँछ । भित्तामा कुँदिएको चित्रहरूले ऐतिहासिक व्यक्तित्वहरूको जीवनी भनीरहेको छ । यहाँ भित्र मैत्री बोधिसत्त्व, पद्मसंभव, ११ वटा टाउको भएको अवलोकितेश्वर, श्रङ चङ गम्पो, भृकुटी र वेङचेङहरूको स्मारक, एउटै कद र आकारको धेरै संख्यामा लहरै बरण्डा जस्तो ठाउँमा राखिएको शाक्यमुनि बुद्धको मूर्तिहरू, बसुन्धरा देवी, हरित तारा, श्वेततारा, अजिमा आदि देव देवीहरूको मूर्तिहरू अद्भूतको छ । भृकुटीको देहावसान भएको कोठामा उनले नेपालबाट ल्याएका धेरै दाइजोको मूर्तिहरू सामानहरू राखिएका छन् रे जुन कोठा हामी पर्यटकहरूले हेर्न पाएनौं । यस जोखङ गुम्बामा विहान श्रद्धालुहरूको घुइँचो लाग्छ । घ्यू हातमा लिएर ठाउँ ठाउँमा बत्तिहरू बाल्दै, प्रार्थना गर्दै, जपमाला घुमाउँदै हिंड्छन् । सयौं संख्यामा उनीहरू गुम्बाको मूल ढोकाको बाहिर लाखौं चोटी दण्डवत् गरेर भक्ति गर्छन् । साँझतिर जोखङ गुम्बालाई चारैतिरको भाखोर बजारको बाटो भएर घुम्ने भक्तहरूको घुइँचो लाग्छ । भाखोर बजारमा जोखङ गुम्बाको वरिपरि भक्ति गर्दै हिंडिरहने यी तिब्बतीहरूलाई देखेपछि अनौठो लाग्छ । उनीहरूको जीवनपद्धति यस्तै भक्ति गर्ने कार्यमा लागेको देखिन्छ । हामीलाई यो त अन्ध भक्ति हो भन्न पनि मन लाग्छ ।

नोर्बुलिङ्का (Norbulingka) जसको माने "अलंकृत बगैंचा" हो, वर्तमानको १४ औं दलाई लामाको गृष्मकालिन दरबार हो । यो बगैंचाको क्षेत्र ३६०,००० वर्ग मिटर छ । यसको हाताभित्र १ हजार थरिका विभिन्न बोट बिरूवा र रूखहरू छन् । बगैंचाको पूर्वतिर


Downloaded from http://www.dhamma.digital

नोर्बुलिङ्का र पश्चिमतिर जियान्सेलिङ्गका (Jianselingka) रहेको छ । गेसाङ दरबार (Gesang Palace), जियान्से दरबार (Jianse Palace) र डक्टन्मिजु (Daktanmiju) दरबार नोर्बुलिङ्काको मुख्य भवनहरू हुन् । यहाँ वन्यजन्तुहरू पनि केही पालिएको छ । वर्तमान दलाई लामाले सन् १९५६ मा निर्माण गर्न सिध्याएर सन् १९५९ सम्म तीन वर्ष मात्र यहाँ बस्न पाउनुभयो । यहाँ एउटा ठूलो हलमा एउटै नक्सा र आकारको श्वेत ताराको ६५ वटा ठूल ठूला थाङ्काहरू (Long Life Thankas) झुण्डयाइएको अति राम्रो र भव्य छ । एउटा महत्वपूर्ण कोठा छ जहाँ भित्तामा तिब्बतको इतिहास शुरूदेखि वर्तमानसम्मको चित्रकलाहरू कोरिएका छन् । नेपालको राजा अंशुवर्मा, उनकी छोरी भृकुटी र उनले दाइजोमा बोकेर ल्याएका मूर्तिहरू वृतान्त चित्रण गरिएको देखेर हामी नेपालीहरू दंग पऱ्यौं ।

यही कोठामा शाक्यमुनि बुद्ध, मैत्रीय बोधिसत्त्व, मञ्जुश्रीको मूर्ति स्थापना गरिएका छन् । यो दरबारमा दलाई लामाको बस्ने कोठा, सुत्ने कोठा, सभा कोठा, उनका आमा बाबुका कोठा र नुहाउने कोठा छन् । नुहाउने कोठा पुरै युरोपियन ढाँचाले बनाइएको छ जुन यो दरबारलाई सुहाएको जस्तो लागेन ।

ल्हासा भ्रमणबाट महायानी बौद्धहरूको धार्मिक क्रियाकलापहरू प्रत्यक्ष देख्न पायौं । उनीहरूले बुद्ध धर्मलाई पुरै भक्ति मार्गको रूपमा लिएका छन् । तिब्बतीहरूको बुद्ध धर्मप्रतिको अगाढ श्रद्धा प्रशंसनीय त छ तर त्यो श्रद्धा अन्ध श्रद्धा भन्न पनि करै लाग्छ । एउटा अर्को कुरो भने हामीले मान्नैपर्छ कि तिब्बतीहरूले शाक्यमुनि बुद्धको धर्मको नाउँमा जुन यस्ता विशाल, वैभवशाली, अद्‌भूतको गुम्बा, मूर्ति, चैत्यहरूको निर्माण गरे त्यसले संसारमै बुद्ध र बौद्धहरूको पहिचान लामो भविष्य कालसम्म जोगाई राख्नेछ । उनीहरूको विशाल छाती र अगाढ श्रद्धाले निर्माण गरिएका यी महत्वपूर्ण धार्मिक स्थलहरू संसारकै बौद्धहरूको अनमोल सम्पत्ति हो भन्नुमा अति नहोला । ■

-: लोक-नीति :-

**"नबोलाएको ठाउँमा जाने, नसोधीकन ज्यास्ति कुरा गर्ने र आफ्नो गुण प्रकाश गर्ने, यी तीनवटा चाल-चलन नीचहरूका लक्षण हुन् ।"**

## बुद्धको शरणमा जाऔं

✍ **पंचशील शाक्य**, एकता मार्ग, बुटवल-५

आऊ हामी सबै बुद्धको शरणमा जाऔं;
शुद्ध तन मन पंचशील अपनाऔं;
शान्तिको बाटो चौतर्फी फिजाऔं;
मिलिजुली हामी बुद्धको गुणगाऔं;
आऊ हामी सबै बुद्धको शिक्षा सिकौं ।

दुखै दु:खले भरिएको यो संसार;
यही नै बुद्धको थियो अमूल्य आह्वान,
शान्तिको खोजीमा उनी यताउता धाए;
अन्तमा उनले शान्तिको ज्योति पाए;
आऊ हामी सबै बुद्धको अनुगमन गरौं;

उँच नीचको भेद मिटाई
मनको कलुषित भावना हराई;
सबैले काँधमा काँध मिलाउँ,
बौद्ध धर्मको जय जयकार मनाउँ
आऊ हामी सही बुद्धको अनुयायी बनौं

## त्रिरत्न वन्दना

✍ **बेखारत्न शाक्य**, यल

बुद्ध धर्म व संघ लुमंका
त्रिरत्नया शरणे भीवनेनु ॥धु॥
थौं थ्व युगय् भी पापे दुबिना
गुलिजक दु:ख सिया च्वने
ल्यं दुगु जीवन धर्मे च्वना
न्हापा यागु पाप फुका छ्वयेनु ।
रिस राग व द्वेषत तंका
मैत्री भावना भी ब्वलंके वा
महा मानव बुद्धं क्यौंथें
शान्तिया ज: भीसं खंकेवा ।
तृष्णा, दु:खया कारण ख:
मदय्का छ्वयनु तृष्णा थौं
शील समाधी प्रज्ञाया स्वाँ:
होय्का नुगले न्ह्या: वनेनु ।
सुख दु:खया चिन्ता मयासे
सदाचार बलं पार जुइ वा
बुद्ध धर्म व संघ लुमंका
जीवन थ्व भीसं भिंके वा ।



Downloaded from http://www.dhamma.digital

# ऐतिहासिक नालन्द विश्वविद्यालय - एक चर्चा

✍ **कृष्णकुमार प्रजापति**, नगदेश

बुद्धकालीन मगध राज्यमा धर्माधिकारी सम्राट अशोकले स्थापना गर्नु भएको संसारमा सबभन्दा प्राचीन विश्वविद्यालय हो - नालन्दा विश्वविद्यालय । आजकल यो ऐतिहासिक प्रसिद्ध विश्वविद्यालय भारतको विहार राज्यको पटना शहरबाट दक्षिण पूर्व दिशातर्फ करिब ९० कि.मि. को दूरीमा पटना-राजगृह राजमार्गमा पर्ने एउटा ठूलो गाउँ बस्तीमा पर्दछ । तत्कालीन ऐतिहासिक नालन्दा र राजगृहको दूरी १५ कि. मि. को फरक छ । हाल प्राप्त नालन्दाको भग्नावशेषबाट अनुमान गर्न सकिन्छ कि यो विश्वविद्यालयले अति नै विशाल क्षेत्र ओगटेको थियो । यस स्थानको क्षेत्रको अन्वेषण गर्दा विविध प्रकारका अवशेषहरू जस्तै: बौद्ध स्तूप, चैत्य, विहार, छात्रावास, आवासीय कक्ष, ब्याख्यान कक्ष, रङ्गशाला, कुवा, इनार र विशाल मैदान जस्ता ऐतिहासिक स्थलहरू फेला पारेका छन् । यो विश्वविद्यालय संसारको अति प्राचीन विश्व विद्यालयको कोटीमा पर्दछ भने यसको हाता १४ हेक्टर अर्थात् २८० रोपनी जग्गामा फैलिएका थिए ।

बुद्ध धर्म र दर्शनको अलावा विभिन्न विषयहरूको अध्ययन अध्यापन गर्ने अतिनै प्रसिद्ध ऐतिहासिक विश्वविद्यालयको उन्नति र प्रगति विक्रम सम्बतको पाँचौदेखि बाह्रौं शताब्दीसम्म भएको देखा पर्दछ । पाँचौ शताब्दीको शुरूमा चिनीया बौद्ध तीर्थयात्री भिक्षु फाहियान (३७४ ई. ४६२ ई.) ले आफ्नो तीर्थयात्रा विवरणमा यस नालन्दा विश्वविद्यालयको वर्णन राम्ररी र स्पष्टसित उल्लेख गरेको पाईन्छ । उक्त भिक्षु फाहियानले २५ वर्षको उमेरमा बुद्ध धर्म र दर्शनको अध्ययन अन्वेषण गर्ने हेतुले ३९९ ई. देखि ४१४ ई. सम्म विभिन्न स्थानको यात्रा गर्दै, बास बस्दै बौद्ध तीर्थ स्थलहरूको अध्ययन अन्वेषण गर्नुभएको स्मरणयोग्य थियो । त्यही क्रममा ऐतिहासिक मगध राज्यको राजगृह नगरको समिपमा अवस्थित नालन्दा विश्वविद्यालयको आसपासमा रहेका ग्रामहरू - उपतिस्स र कोलितका प्रसिद्ध मेधावि ब्राह्मण पुत्रद्वय गौतम बुद्धका शासनमा अग्रश्रावक हुनु भएका सारिपुत्र र मौद्गल्यायन महास्थविरहरूको जन्मस्थल र सारिपुत्र महास्थविरको देहावसान स्थल समेत भएकोले यो नालन्दा क्षेत्रको विशिष्ट महत्व रहन गएको थियो । महान धर्म सम्राट अशोकले सारिपुत्रको जन्म र देहावसान स्थलमा जानु भै बुद्ध चैत्य समेत प्रतिस्थापन गर्नुभएको थियो ।

बुद्ध धर्म र दर्शनका प्रकाण्ड विद्वान, आफ्नो समयमा अतिनै लोक प्रसिद्ध, महान दार्शनिक नागार्जुनले आफ्नो अध्ययन यहीं प्रसिद्ध नालन्दा विश्वविद्यालयमै गर्नु भै यसै विश्वविद्यालयमा महापुरोहित समेत भै अध्यापन गर्नुभएको थियो । त्यसबेला यो क्षेत्रमा बुद्ध धर्म र दर्शनको अति नै प्रभाव परेको थियो । भारतीय दर्शन शास्त्रको विभिन्न क्षेत्रको साथसाथै बुद्ध धर्मको स्थविरवादी र महायानी शाखाको धार्मिक शिक्षाको लागि ऐतिहासिक नालन्दा विश्वविद्यालय अति नै प्रसिद्ध थिए ।

अर्को चिनीया बौद्ध तीर्थ यात्री, अति नै प्रसिद्ध बौद्ध विद्वान भिक्षु (६०० ई. - ६६४ ई.) ह्वेनसाङ्गले ३९ वर्षको उमेरमा बुद्धधर्म र दर्शनको अध्ययन गर्ने हेतुले तीर्थ यात्रा ६२९ ई. देखि ६४५ ई. सम्म गर्नुभयो भने उक्त तीर्थयात्राको क्रममा वहाँले मगध राज्यको पाटलीपुत्रमा सबभन्दा पहिले यात्रा आरम्भ गरी सम्राट अशोकबाट प्रतिस्थापित विभिन्न बौद्ध स्तूप, चैत्यहरू दर्शन गर्नुभएको थियो । ह्वेनसाङ्गले पाटलिपुत्रबाट बुद्धगया (महाबोधि) मा जानु भै नौ दिनसम्म बोधिवृक्षको पूजा-पाठ गरी भगवान बुद्धको बज्रासन-मूर्ति दर्शन गरी त्यहाँबाट नालन्दा विश्वविद्यालय पुग्नुभएको थियो । त्यहाँ नालन्दा (मठ) विहारका भिक्षुहरूले बौद्ध विद्वान भिक्षु ह्वेनसाङ्गलाई आतिथ्यको रूपमा स्वीकारी भव्य स्वागत गरी स्थविर भिक्षुहरूको समिपमा बस्ने स्थान (आसन) दिएको थियो । वहाँलाई शीलभद्र नामक बौद्ध विद्वान महास्थविर भिक्षुसित दर्शन भेट गरी सकेपछि शीलभद्रबाट योगशास्त्र सम्बन्धी शिक्षा ग्रहण गर्ने इच्छा ब्यक्त गर्नुभयो । त्यहीं स्थानमा ह्वेनसाङ्गले बौद्ध विद्वान भिक्षु शीलभद्रको शिष्य भै वहाँको भतिजासित नालन्दा (मठ) विहारमा रहनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

तीर्थयात्री भिक्षु ह्वेनसाङ्ग नालन्दामै बसी योगशास्त्र, प्रजनन मूल शास्त्र टीका, शब्द विद्या, हेतु विद्या र सँस्कृत ब्याकरण पनि अध्ययन गरी पारंगत हुनुभयो । नालन्दा विश्वविद्यालयमै अध्ययन गरी दुई वर्षपछि वहाँ त्यहाँबाट मुङ्गेर जिल्ला स्थितको हिरण्य पर्वतको यात्रा गर्नुभयो ।

त्यस्तै गरी अर्को चिनीया बौद्ध तीर्थयात्री भिक्षु इत्सिङ्ग (६३५ ई. - ७१३ ई.) ले बुद्ध धर्म र दर्शनको अध्ययन गर्ने अभिप्रायले ई. ६७१ देखि ६९५ ई. सम्म भारतको विभिन्न स्थानको तीर्थयात्रा गरी भारतकै उत्तरी क्षेत्रबाट यात्रा गर्दै केही दिनपछि नालन्दा पुगी त्यहाँको मूल गन्धकुटीमा विराजमान हुनुभएका शास्ता (गुरु) भगवान् बुद्धको मूर्तिमा पूजा गर्नुभयो । भिक्षु इत्सिङ्गले नालन्दामा त्यसबेला श्रीलंकाको राजाले निर्माण गरेको महाबोधि विहारमा जानु भै दर्शन गरी त्यहाँबाट विभिन्न क्षेत्रमा तीर्थाटन गरी पुनः नालन्दा विश्वविद्यालयमै फर्की ६७५ ई. देखि ६८५ ई. सम्म १० वर्ष धार्मिक र दार्शनिक ग्रन्थहरू अध्ययन गरी संकलन गर्नुभयो । नालन्दा विश्वविद्यालयबाट वहाँले ४०० वटा सँस्कृत भाषाको ग्रन्थहरू अध्ययन गरी संकलन गर्नुभएको थियो । नालन्दामै वहाँले एकजना चिनीया मानिस युवीटिङ्गसित भेट गर्नुभएको थियो ।

बौद्ध तीर्थयात्री ह्वेनसाङ्गले नालन्दा विश्वविद्यालयमै तन्त्र विद्या सिकी १२ वर्षसम्म अध्यापन कार्य गर्नु भएको कुरा बौद्ध विद्वान भूरचन्द जैनले आफ्नो लेखमा उठाउनु भएको छ । कहीं कतै कोही बौद्ध विद्वानहरूले ह्वेनसाङ्गलाई "हाङ्गचाङ्ग" भनी उल्लेख गरेको पाइन्छ । भिक्षु हाङ्गचाङ्गले यहीं नालन्दा विश्वविद्यालयको वर्णन गर्ने क्रममा त्यसबखत त्यहाँ ८०' फिट अग्लो तामाको बुद्धमूर्ति दर्शन गरेको कुरा उल्लेख गरेका थिए । यहीं भव्य मूर्ति धर्म सम्राट अशोकका अन्तिम बंशका रूपमा रहेका सम्राट पूर्णबर्धनले स्थापना गरेका थिए ।

कन्नौज राज्यका सम्राट हर्षबन्धनले नालन्दा विश्वविद्यालयको निम्ति अधिकमात्रामा आर्थिक सहयोग दिनुभएको थियो, जुन सहयोगले गर्दा यस विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले भिक्षा मागी खानु पर्दैनथ्यो । जबकी विश्वप्रसिद्ध अर्को तक्षशिला विश्वविद्यालय (महाविहार) मा अध्ययन गर्ने विद्यार्थीहरूले भिक्षादान मागी खाने र पढाई शुल्क बुझाउनु पर्दथ्यो । यो नालन्दा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि आवश्यक समूचित ब्यवस्था त्यहाँको प्रशासनले गरी त्यस्तो आर्थिक झन्झटबाट मुक्त गरिदिएका थिए ।

छैठौं शताब्दी पश्चात देखि बाऱ्हौं शताब्दीसम्म यो नालन्दा क्षेत्र पाल सम्राटहरूको आधिपत्यमा रहेको बेलामा यस क्षेत्रको उन्नति र प्रगति भैरहेको थियो । बि.सं. को नवौं शताब्दीमा सम्राट देवपालको समयमा यस क्षेत्रको उन्नति र प्रगति अति नै भएको देखा पर्दछ । त्यसबेला यो नालन्दा विश्वविद्यालयको लागि आर्थिक अनुदान र सहयोगहरू हिन्देशिया, जावा र सुमित्रा जस्ता मुलुकहरूबाट आ-आफ्नो राजदूत मार्फत दिने दिलाउने गरी आएका थिए ।

तिब्बत (ल्हासा) का सम्राट स्रङ्गचङ्ग गम्पोंले नालन्दा विश्वविद्यालयमा आचार्यदेवबाट बौद्ध र ब्राह्मण साहित्यको ज्ञान हासिल गर्नुभएको थियो । त्यस्तै गरी सम्राट उत्सानंले पनि सोही विश्वविद्यालयका विद्वान आचार्य शान्तरक्षितलाई तिब्बतमा आमन्त्रण गरी वहाँबाट ज्ञानर्जन गरी वहाँको धार्मिक प्रभावमा ल्हासामा "लामाग्रन्थ" को शुभ कार्यमा अग्रसर हुनु भयो । यही शुभ कार्य नै भारतीय विद्वानहरूको सबभन्दा ठूलो उपलब्धी र योगदान थियो भन्नुपर्दछ । बौद्ध विद्वान आचार्य श्री शान्तरक्षित त्यही तिब्बतमा बाँकी जीवन यापन गरी देहान्त हुनु भएको थियो । एवं रितले नालन्दा विश्वविद्यालयमा कोरियाबाट पनि अधिक मात्रामा विद्यार्थीहरू आई शिक्षा आर्जन गर्ने गर्दथ्यो ।

सातौं शताब्दीतिर ऐतिहासिक नालन्दा विश्वविद्यालयमा अध्ययन गर्ने शिक्षार्थी संख्या दश हजार (१०,०००) थिए भने अध्यापन गर्ने कुशल, योग्य र सक्षम विद्वान शिक्षक संख्या दुई हजार (२,०००) हुनुहुन्थ्यो । त्यसबेला शिक्षक, अध्यापक र बौद्ध विद्वानहरू प्रति निकै ठूलो सन्मान, आदर, सत्कार थिए । शिक्षक, अध्यापकहरूलाई त्यसबेला अति सन्मानकासाथ विशिष्ठ डोली (पालकी) मा चढाई बोकी लाने ल्याउने गर्दथ्यो । दिनहुँ जस्तो यस विश्वविद्यालयमा अति नै महत्वपूर्ण सयौं भाषण-प्रवचनको प्रबन्ध गर्ने गर्दथ्यो ।



Downloaded from http://www.dhamma.digital

यस विश्वविद्यालयमा अध्ययन गर्ने शिक्षार्थीहरू भारत लगायत अन्य मुलुकका विद्यार्थीहरूले बुद्ध धर्म र दर्शनको शिक्षाको साथसाथै हिन्दू धर्म, तत्वज्ञान, वेद, पुराण, कर्मशास्त्र, नीतिशास्त्र, सांख्य शास्त्र जस्ता विविध धार्मिक शास्त्रको अतिरिक्त औषधि विज्ञान, चिकित्सा शास्त्र, गणित र ज्योतिष शास्त्र जस्ता विषयहरूको पठन-पाठन, अध्ययन अध्यापनको प्रबन्ध गरेका थिए । यहाँ अध्यापनरत कुशल, योग्य र सक्षम प्रकाण्ड बौद्ध विद्वान गुरुहरू नागार्जुन, शीलभद्र, आचार्यदेव, शान्तरक्षित, बसुबन्धु, दिङ्नाग, धर्मकीर्ति, असंग, दीपंकर जस्ता गुरुहरू प्रमुख थिए । यस विश्वविद्यालयमा एउटा ठूलो पुस्तकालय थिए, यसको समुचित प्रबन्धको लागि तीनवटा ठूलठूला भवनहरू बनाएका थिए ।

त्यसरी विश्वभरको शिक्षार्थी, विद्यार्थीहरूलाई विद्या अध्ययन-अध्यापन गर्न गराउन लोक प्रसिद्ध प्राचीन ऐतिहासिक नालन्दा विश्वविद्यालय सदासदाको निम्ति नष्ट-भ्रष्ट हुनु अतिनै बिडम्बना र दुःखद घटना भयो । बाऱ्हौं शताब्दी देखि हालसम्म पनि खण्डहर भै भग्नावशेषहरू यहीं धरतीको गर्भमा लुप्त प्राय भै रहेको थियो । जब त्यो विश्वविद्यालयको उत्खनन, अनुसन्धान, अन्वेषण गऱ्यो, त्यस क्षेत्रको विभिन्न स्थानबाट विभिन्न प्रकारका बौद्ध स्तूपहरू, त्रिपिटकहरू, मूर्तिहरू, सभाकक्ष, सयनकक्ष, छात्रावास जस्ता बौद्ध जगतमा अतिनै महत्व भएका र पुरातात्विक दृष्टिबाट पनि अति नै महत्व भएका दुर्लभ प्राचीन भग्नावशेषहरू फेला पारेका छन्, देखा परेका छन् । अब त्यहाँको यो उत्खननले त्यसबेलाको प्राचीन भब्यता र विशालता देखा पर्दै आएको छ । त्यसबेलाको प्राचीन भवनको बनावट, भवनको पंक्तिबद्धता, निर्माणशैली, विद्यार्थीहरूको निमित्त बनाएको अध्ययन र सयनकक्षको बनावट, पत्थरको तख्ता, पाठ्य सामग्रीहरू राख्ने अलग व्यवस्था गरी समूचित ढंगले निर्मित प्राचीन युगको सुन्दर आवासको व्यवस्था भएको त्यस स्थानको अध्ययन भ्रमण गर्दा र त्यहाँको सुन्दर र आकर्षित तस्वीर र फोटोहरू हेरेर पनि हामीले अनुमान गर्न सकिन्छ, आश्चर्य चकित हुन्छौं ।

विभिन मठ विहारहरूको अगाडि ब्यवस्थित इनार, कुवा र ठूलो चौर जस्तो फराकिलो क्षेत्रमा अवस्थित प्राचीन र पक्की भग्नावशेषहरूको त्यसबेलाको नालन्दा विश्वविद्यालयको प्राचीन इतिहासको गौरव गाथा र गरीमा बोकी अमूक भै खडा भएर देखाएको छ जुन बनावट शैलीबाट दर्शक पर्यटकहरूलाई घण्टौंसम्म आकर्षक ढंगबाट दृश्यावलोकन गर्ने सुअवसर प्रदान गर्दछ । त्यसबेला नै हाम्रो मानव सभ्यता, कला, संस्कृति र शिक्षाको उन्नति र विकासको चरमचुली बारे अहिले हामीलाई इतिहासको गर्भबाट छर्लङ्ग देखाएको छ । नालन्दा विश्वविद्यालयको खण्डहरबाट प्रष्टसित देखाएको छ कि प्राचीन भारतको ऐतिहासिक पृष्ठभूमि, धार्मिक श्रद्धाभाव र आदर्श विद्याको गौरव गाथाको बारेमा । त्यहाँको भग्नावशेष र खण्डहरू हेर्न, अध्ययन अन्वेषण गर्न वर्षौंनी देश विदेशबाट हजारौं हजार, लाखौं लाख पर्यटक, दर्शकहरू आउने गर्दथ्यो ।

ऐतिहासिक प्राचीन नालन्दा विश्वविद्यालयको प्राचीन खण्डहरूको अतिरिक्त अचेल त्यसको अगाडि निर्मित संग्रहालयद्वारा प्राचीन मूर्ति प्रतिमाको संग्रह गर्ने, प्राचीन इतिहास, कला र संस्कृतिको झलक, शील्पशैली र शिल्पकलाको परिचय दिई आएका छन् । अहिले त्यहाँ प्राचीन संग्रहालय भवनबाट २ कि.मि. पर नालन्दा महाविहार निर्माण गर्ने भएको छ भने निर्माण हुने उक्त महाविहारमा दुर्लभ बौद्ध पाण्डुलिपिहरू संग्रह गरी संरक्षण गरी राख्ने योजना बनाएको छ । यहीं दुर्लभ बौद्ध पाण्डुलिपिहरू अध्ययन अन्वेषण गराउने उद्देश्यले देश विदेशबाट शिक्षार्थीहरू आउने जाने गरिरहेका छन् । यही स्थानमा बौद्ध तीर्थयात्री चीनीया बौद्ध विद्वान भिक्षु ह्वेनसाङ्गको स्मारक भवनको साथै अन्य विभिन्न भवन र मठ मन्दिरहरू निर्माण गरेको अति नै दर्शन योग्य भएको छ ।

त्यसरी हाम्रो देशमा पनि बौद्ध दृष्टिकोणबाट अति नै विशिष्ट महत्व भएको ऐतिहासिक पुरातात्विक धार्मिक स्थलहरू प्रशस्त छन्, थिए । तर श्री ५ को सरकारको सम्बन्धित निकायको ध्यानाकर्षित भएको छ भन्न सकिने ठाउँ छैन । शान्तिका महानायक, तथागत गौतम बुद्धको पावन जन्मस्थल, शान्तिका प्रतिक भूमि



Downloaded from http://www.dhamma.digital

"लुम्बिनी" को उन्नति र प्रगतिको खुडकिलाहरू अझै गतिलोसित गाडेका छन् भन्न सकिरहेका छैनन् । रामग्रामको दुर्गति त्यसै नै परेका छन् भने तिलौराकोट, कपिलवस्तु, निग्लीहवा, सगरहवा, अरौराकोट, सर्कुप जस्ता अति महत्वपूर्ण प्राचीन स्थलहरूको सम्भार, सम्बर्द्धन र पुननिर्माणको कुरा धेरै टाढाको विषय बनेका छन् । कपिलवस्तु रूपन्देही, नवलपरासी जिल्लाको विभिन्न स्थानमा अवस्थित प्राचीन ऐतिहासिक पुरातात्विक दृष्टिले महत्वपूर्ण बौद्ध स्थलहरू साठी स्थलभन्दा बढी हेरचाह, रखवारी, सम्बर्द्धन, संरक्षण र पुननिर्माण गर्न सकेमा नेपालको गौरबगाथा र प्रतिष्ठा सगरमाथाको शिखर चुलीमा पुग्दछन् । त्यस्तैगरी नेपालको पूर्वी र पश्चिमी भेगको अलावा काठमाडौं उपत्यका भित्रको तीन जिल्लामा नेवार बौद्धहरूले प्रतिस्थापित गरेका विभिन्न बहा:बही, चैत्य, गुम्बा र विहारहरू कतिपय नष्ट भ्रष्ट भएर गएका छन्, अत्तोपत्तो छैन, कतिपय संरक्षणको पर्खाइमा पुननिर्माण र जिर्णोद्धारको पर्खाइमा रहेका छन् । कतिपय विहार, गुम्बा, बहा:बही, चैत्यहरू भग्नावशेष र खण्डहरहरू भएका प्रसस्त पाउन सकिन्छ । त्यस्तैगरी हाल महायानी लामा भिक्षुहरूको सत्प्रयासबाट महायानी बौद्ध गुम्बाहरू आधुनिक तिव्वती शैलीमा निर्माण गरेको दर्शनयोग्य भएका छन् भने थेरवादी विहारहरूको निर्माण गरी ६ दशक देखि थेरवादी बुद्ध धर्मको पुनर्जागरण भै नयाँ नयाँ विहारहरू जनस्तरबाट निर्माण भएको पनि दर्शन र मनन योग्य छ । तर श्री ५ को सरकारबाट जुन रूपमा कदम चाली अग्रसारिता देखाउनु पर्नेमा कुनै ठोस र साहसिक पाईला चालेको ठहर गर्न सकिराखेका छैनन् । यो नै सबभन्दा बिडम्बना र दु:खको विषय रहेकाछन् ।

वि.सं. २०५४ चैत्र १७ सोमबार,

ई.सं. १९९८ मार्च ३०, सोमबार । ■

**पुस्तकालयलाई सहयोग**

धर्मकीर्ति पुस्तकालयको लागि श्री श्यामलाल चित्रकार बाट रु. ७२०/– **(सातसय बीस रुपियाँ)** चन्दा प्रदान गर्नुभएको छ ।

# "सत्पुरुष पहिचान"

✍ **श्रा. संघरक्षित**, संघाराम

पिउँदैन खोलाले पानी आफैं
न त खान्छ रूखले फल आफ्नै ।
पार्दैन बादलले जल इच्छित स्थलमा मात्रै
उदाउँदैन सूर्य असमान रूपले तेज छर्दै ॥

वेगले दौड्न असल जातको घोडा
बलिष्ठ गोरू त हो धेरै तान्न बोझा ।
दूध प्राप्तीको लागि राम्रो गाई
त संगतको लागि सत्पुरूष साथी ॥

अपरिचित कुकुर आफू समक्ष देख्दा
रिसाएर टोक्नको लागि दाँत देखाउँछ ।
जगतमा कुशल कार्य अवलम्बन गर्दा
नीच नरले ईर्ष्या गरी दु:ख कष्ट दिन्छ ॥

झिंगाहरू कुहिएको वस्तु प्रीय भए झैं
मूर्ख, खल्-पापी अयोग्य कार्य मनपराउँछन् ।
भमराहरू सुगन्ध पुष्पको चाहना गरेझैं
ज्ञानी-सत्पुरूष सर्वजनको कल्याण चाहन्छन् ॥

कुनै कुरा चिन्तन नगरी नलिनु
विचारै नगरीकन काममा हात नहाल्नु
सोचेनौं यदि गर्न काम अहिले ।
पुर्पुरोमा ठोक्नु पर्ला है पश्चातापले ॥

बहुजन हितार्थ स्वरूप हाम्रो सम्पत्ति
गरौं सदुपयोग कुवाको जल झैं अल्प भएपनि ।
अपार समुद्र झैं धन भए तापनि
के काम कसैको लागि हुँदैन उपयोगी ॥

सम्भावित वस्तुको मात्र चाहना राखौं
सूर्य-चन्द्रमाको कामना गरेर लाभ नै के ।
योग्य धर्म-प्रवाहमा सदा अघि बढौं ।
व्यर्थमा किन गुमाऔं अमूल्य हाम्रो समय ॥

हरदम परोपकारी मानवका समीपमा जाऔं
कुशल गुणको छनौट गरी अनुकरण गरौं ।
श्रेष्ठ-सत्पुरूको पहिचान गरी सत्संगतमा पुगौं
अल्पकालिन मानवमय जीवन सार्थक तुल्याऔं ॥



Downloaded from http://www.dhamma.digital

# बौद्ध पर्यटन क्षेत्रका महत्त्व

✍ मुनीन्द्ररत्न बज्राचार्य

नेपाल धार्मिक भावनाले ओतप्रोत भएको देश भएकोले यहाँ परापूर्वकालदेखि नै धार्मिक पवित्र क्षेत्रहरूको केन्द्र स्थलको रूपमा रहेको छ । यहाँको जनजीवन धार्मिक मान्यता आस्था विश्वास मूल्य र भावनाहरू आफ्नै परम्परा अनुरूप छ । अझ यस देशमा धार्मिक सहिष्णुताको कारण हिन्दू र बौद्ध धर्मावलम्वीहरूले अवलोकन गर्ने ऐतिहासिक ठाउँ र पवित्र धार्मिक क्षेत्रहरू एकै आसपासमा रहेको छ । यी क्षेत्रहरूमा रहेका मन्दिर चैत्यमा दुवै धर्मको मूर्तिहरू पाउन सक्छौं । यी धार्मिक क्षेत्र पर्यटकहरूको लागि एक आकर्षणको केन्द्र बनेको छ । आजकाल विश्वमा विभिन्न धर्मावलम्बीहरू भएकोले कोही बौद्ध धार्मिक स्थलहरूको मात्र अवलोकन गर्न भ्रमण गर्न आउने गर्छन् । यसकारण यस लेखमा विशेष बौद्ध पर्यटन क्षेत्र बारे उल्लेख गर्न जमर्को गरेको छु ।

नेपालमा बौद्ध धर्मको विकास काठमाडौं उपत्यका भएकोले बौद्ध रीतिथिति संस्कृति कलाकृति यहीं प्रशस्त मात्रामा पाइन्छ । नेपालको इतिहासको प्रारम्भिक स्वरूप नै स्वयम्भूको ज्योतिरूपको दर्शनबाट भएको हो । यहाँ पछि विभिन्न बुद्धहरूको आगमन भएपछि बुद्ध धर्मको यथेष्ट विकास हुन गयो । राजा महाराजाहरूबाट र बौद्ध धर्मप्रति श्रद्धा हुनेहरूले विहारको धेरै निर्माण गरियो । बौद्ध विहारको संस्थापनाले यहाँ चैत्य मन्दिरहरूको पनि संस्थापना बढ्दै गयो । कतिपय विहारहरू प्राकृतिक प्रकोप भुइँचालो र वर्षातले जीर्णसीर्ण हुन गयो भने कतिपय विहारहरू विभिन्न धर्मावलम्बीहरूको आक्रमण जस्तो समुशुद्दिन र शंकराचार्यको आक्रमणले नष्ट हुन पुगेको छ । हाल विशेष गरेर विहारहरूमा पाटनमा १६७, काठमाडौंमा १२०, भक्तपुरमा २४ रहेको छ भने अन्य स्थानहरूमा बोडे, पनौती अन्य ठाउँमा पनि यत्रतत्र विहारहरू छरिएका छन् । उत्कृष्ट विहारहरूमा पाटनका हिरण्यवर्ण विहार, रूद्रवर्ण, सुवर्णवर्ण विहार निकै ख्याति प्राप्त छन् । त्यस्तै काठमाडौंका १८ मूल महाविहार-हरूमा पर्यटकहरूको लागि आकर्षक विहारहरूमा मच्छेन्द्रबहाल, छुस्याबहाल, इटुंबहाल, मूबहाल, झ्वाबहाल आदि हुन् । भक्तपुरमा पनि हेर्न लायकका विहारहरू धेरै छन् । काठमाडौं उपत्यका बौद्धमतको केन्द्रविन्दु भएकोले यहाँ अरू पनि धेरै विहार र ऐतिहासिक ठाउँहरू छन् । जस्तो ठमेलको विक्रमशील विहार, बज्रवाराही, फर्पिङ्गको बज्रयोगिनी, नालाको करूणामय, बुढानीलकण्ठको नारायण हेर्न लायकका छन् ।

बुद्धको जन्म नै तराईको भू-भाग लुम्बिनीमा भएको थियो । यसकारण विश्वमा लुम्बिनीको महत्वपूर्ण स्थान छ । यस्तै लुम्बिनी आसपास कपिलवस्तु, रामग्राम, तौलिहवा, निग्लीहवा जस्ता तराइका कतिपय स्थानहरू ऐतिहासिक रूपले महत्वपूर्ण भएका छन् । बौद्ध धार्मिक केन्द्रस्थलहरूमा लुम्बिनी र अन्य स्थानहरूको विकासको लागि विश्वले ध्यान आकर्षण गर्दै आएका छन् । लुम्बिनीलाई एउटा महान तीर्थस्थल र पर्यटकीय क्षेत्र बनाउन सन् १९६७ मा नेपाल भ्रमणमा आउनु भएका संयुक्त राष्ट्र संघीय महासचीव ऊ थान्तबाट श्री ५ को सरकारलाई आव्हान गरेको थियो । राष्ट्र संघीय आयोगको सहयोगमा यसको विकासका लागि पूर्वाधारहरू तयार पार्न विश्व प्रसिद्ध जापानका वास्तुविद प्रो. केन्जी टांगेबाट एउटा गुरु योजना तयार गरी सन् १९७८ मा नेपाल सरकारलाई कार्यान्वयनको लागि दिएको थियो । उनले तयार पारिएको योजना अनुसार लुम्बिनी क्षेत्रलाई बौद्ध धर्मको आदर्श अनुसार र बुद्ध जन्मदाको ऐतिहासिक तथा प्राकृतिक पृष्ठभूमि आउने गरी बृहद् रूपमा विकास गर्ने लक्ष्य लिइयो । यसको लागि कैयौं अन्तर्राष्ट्रिय मुलुकबाट आर्थिक अनुदान उपलब्ध भएको छ । तर यसको पूर्वाधारहरू गरीए तापनि हाल तीसौं वर्ष नागिसक्दा पनि विदेशबाट निर्माण गर्ने जिम्मा लिएका बाहेक अरू निर्माण काम हुन सकेको छैन । यसरी ढीला सुस्ती हुनमा श्री ५ को सरकारको नै कमजोरी रहेको देखिन्छ । अनावश्यक


Downloaded from http://www.dhamma.digital

काममा नै बढी व्यस्त गराउने, लुम्बिनीलाई एउटा राजनैतिक अखडा बनाउने जस्ता कामले यसको विकासमा ढीलासुस्ती हुन पुगेको छ । सरकारी तवरले भन्दा बरू नेपाली धर्मभीरुहरूको रगत पसीनाले जम्मा गरिएको चन्दाले केही विहारहरू निर्माणमा छिटो हुन पुगेको छ । धर्मकीर्ति विहारका भिक्षुणी धम्मवतीको कुशल नेतृत्वमा जिउँतिउँ गरी एउटा विहार तथा धर्मशाला भवनको निर्माण भएको छ । साथै उक्त विहारलाई शोभायमान बनाउन ज्यापु महागुठीका सहभागीहरूबाट एउटा निर्मल स्वच्छ "पलिस्वाँ पुखू" नामाकरण गरी पोखरी बनाउन लागेका छन् । धर्मोदय सभाले निर्माण गर्ने भनेको विहार भने अझसम्म पनि पुरा गर्न सकेको छैन । बौद्धहरूको अति महत्वपूर्ण भइरहेको लुम्बिनी पर्यटन क्षेत्र यत्तिका वर्ष भइसक्दा पनि काम तमाम गर्न नसकेको नेपालीको लागि निकै दुःख लाग्दो कुरा हो । हालै अशोक स्तम्भ तिरको मायादेवी मन्दिर जीर्णोद्धारको लागि भत्काइएको छ । सो मन्दिरलाई पुनः निर्माण गर्दा पुरानै स्वरूप दिनु पर्दछ । किनभने मानिसमा लुम्बिनी भन्ने बित्तिकै अशोक स्तम्भ उभिएको चारपाटे मन्दिरको सम्झना आउँछ । यसकारण धेरै वर्ष अघिदेखि मनमा अमिट छाप रहेका लुम्बिनीको दृष्टिलाई यथावत राखेमा राम्रो हुनेछ । जस्तो स्वयम्भू भन्ने वित्तिकै बीचमा ठूलो स्तूप गुम्बा र दायाँ बायाँ दुई स्थूरलाई सम्झना दिलाउँछ । उस्तै लुम्बिनीको पनि आफ्नै सम्झना हुन्छ ।

नेपालले पर्यटन उद्योगको विकासको लागि बौद्ध पर्यटकीय क्षेत्रलाई पनि द्रुतगतीले विकास गर्नु जरूरी छ । विश्वमा करोडौं मानिसहरू बौद्ध धर्मबाट अभिप्रेरित छन् । जापान, कोरिया, थाइलैण्ड, अमेरिका र अन्य मुलुकबाट नेपालको बौद्ध धर्मका क्षेत्र हेर्न र विद्या अध्ययनका लागि आउने गर्छन् । यिनीहरूको लागि यही पर्यटकीय क्षेत्रहरू देखाई यहाँका पुराना ग्रन्थहरू आद्योपान्त गर्न लगाउन सकिन्छ । विकासको लागि अन्य स्रोतहरू भन्दा पर्यटन उद्योग नै बढी भापेको देश भएकोले सरकारले यस तर्फ यथाशक्य ध्यान दिनुपर्ने देखिन्छ । ■

## आफूलाई आफैले चिन

✍ विद्याकुमारी वज्राचार्य
डिल्लीवजार

आफूले आफूलाई चिन्ने गर
अरूहरूको के कुरा ?
अर्काको अर्कै हुन्छ ।
आफूले मात्र राम्रा बाटाहरू पहिल्याउँने गर
जब आफू बनिन्छ, अरू बन्न कर लाग्छ ।
आफूलाई असल भावनाको व्यक्ति बन्ने गर ।
तब जीवन सुचारूरूपले अगि बढ्न सक्छ ।
अरूलाई शिक्षा दिन सरल छ,
तर त्यही अनुसार चल्न कठिन छ
भन्न सजिलो गर्न गाऱ्हो छ
तसर्थ पहिले आफूले नै गर्ने गर
अरूको माया लिनु छ भन्ने
पहिले उसलाई दया गर
दयाले नै आफू स्वच्छ र पवित्र हुन्छ
समाजको विकास र उन्नति गर्ने
धोकोले छटपटिएर मात्र के हुने हो र ?
व्यक्तिको व्यक्तित्व विकास नै भएन भने
त्यसैले आफूलाई पहिले हेर
आफूलाई चिन्ने गर
आफू को हुन् ? के गर्नुपर्छ ?
यस्ता परिशुद्धि भावनालाई लिने गर
जब आफूलाई चिन्न सक्तैन
तब अरूलाई के गर्न सकिन्छ र ?

-: लोक-नीति :-

तपस्वीहरूलाई पातलो शरीरले शोभा दिन्छ, चौपायाहरू मोटाएमा शोभा दिन्छन्, लोग्नेमान्छेहरूलाई विद्वान्, शिल्पी भएमा शोभा दिन्छन्, आइमाईहरूलाई उनीहरूको लोग्ने भएमा सुहाउँछ ।


Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-५

✍ प्रेमहिरा तुलाधर

थ्व च्वसु धर्मकीर्ति पत्रिकाया वर्ष १५ अंक १ य् पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१" धैगु च्वसुया न्यागूगु ब्व ख:, । थुगु ब्वय् धर्मकीर्ति पत्रिकाया वर्ष ५ ल्या: ५ स पिलू झा:पिं मिसा च्वमिपिनि बारे छुं खँ न्ह्यब्वयगु जुइ ।

५. भिक्षु अश्वघोष (सं.) - धर्मकीर्ति ५:५ ने.सं. १०९६, बु.सं. २५२० वि.सं २०३३, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार, श्रीघ: नघ:टोल, काठमाडौं ।

धर्मकीर्ति प्रत्रिकाया दँ ५, ल्या: ५ स क्वय् न्ह्यथनापिं मिसा च्वमिपिं व वय्क:पिनि च्वसु दुथ्यागु दु ।

| | | | | |
|---|---|---|---|---|
| १. | ताम्राकार, प्रेमहेरा | - "अशोक जुजु" | - पौ | ५ - ७ |
| २. | पाण्डे, मीना | - "मानवताको विकासमा बुद्धको देन" | - पौ | ८ - १० |
| ३. | शाक्य, विमला | - "बुद्धया मानव हृदय" | - पौ | ११ - १३ |
| ४. | धम्मवती | - "विवेक बुद्धि" | - पौ | १७ - १८ |
| ५. | तुलाधर, लोचनतारा | - "बौद्ध अध्ययन" | - पौ | २३ - २४ |
| ६. | बनियाँ, मीना | - "मैत्री भावना" | - पौ | २९ - ३१ |
| ७. | स्थापित, कमलतारा | - "महापुरुष कथा अध्ययन" | - पौ | ३५ - ३६ |

थुकथं धर्मकीर्ति दँपौया न्यागूगु ल्याखय् जम्मा झिंप्यपु च्वसु दुथ्यागु दु । गुकी मुकं न्हय्म्ह मिसा च्वमिपिनि च्वसु दुथ्यागु दु । थुगु दँपौया न्यागूगु ल्या: थ्योंबले मिसा च्वमिपिं पा: जुजुं वयाच्वंगु दु । थ्व स्वया न्हापान्हापाया ल्याखय् पत्रिकाय् खनेदुपिं सकल च्वमिपिं मध्ये बच्छिं मयाक्क मिसा च्वमिपिं दइगुया थुगु ल्याखय् बच्छि हे जक अर्थात् न्हय्म्ह मिसा च्वमिपिनि च्वसु जक खनेदु ।

थुगु पत्रिकाया दकले न्हापाया च्वसु मय्जु प्रेम हेरा ताम्राकारजुं च्वयादीगु "अशोक जुजु" धैगु ख: । थुगु च्वसुइ वयकलं अशोक जुजु छम्ह न्हापा हिंसा याना जूसां लिपा हिंसा व युद्धया विरोध, विश्वशान्ति व विश्व भातृत्वया प्रवर्तक, अन्तर्राष्ट्रिय क्षेत्रय् बौद्ध धर्म ब्यापक प्रचार यायगुली इतिहास् छम्ह हे जक उदाहरण जुयाच्वंम्ह बुद्धया सच्चा अनुयायी ख: धका अशोक जुजु म्हसीका बिया दिल । तर कलिङ्ग युद्धय् लखंलख मनू स्याय् धुंका जुजुया मन दिक्क जुया च्वंबले निग्रोध श्रामणेरं वैर भावयात त्व:ता थ:गु मनयात त्याके फत धा:सा मन शान्त जुई लडाइँलय् वना दोलंदो मनूतय्त त्याकेगु स्वया थ:त थ:म्हं त्याकेगु उत्तम धका कना बिज्यात । गुगु बुद्धया हिंसा धका सिइवं थ: नं बुद्धधर्म संघया शरणय् वना बुद्धया हिंसा पूजाया संरक्षकया रूपय् राज्य चलेयात । अले भगवान बुद्धया उपदेश व न्हापाया परम्परा स्थापना यायत अशोक जुजुं तृतीय संघायना या:गु खँ नं थुगु च्वसुई लेखिकाजुं उल्लेख यानादीगु दु ।

थथहे थुगु पत्रिकाया मेम्ह मिसा च्वमि मय्जु मीना पाण्डेजुं थ:गु "मानवताको विकासमा बुद्धको देन" धैगु च्वसुइ वय्कलं विश्वय् हे नांजा:पिं महापुरुषपिं मध्ये बुद्ध छम्ह अद्वितीय्, अवर्णनीय्, अतिस्मरणीयम्ह ख: छगू म्हगसथें ज्या:गु जीवनयात छगू योग्य तरीकां समस्त विश्वयात हे लाभान्वित याना विज्यागु खँ कंसे बुद्धया दर्शन हे मानवताय् आधारीत जू, मेपिनि दोष मालेगु स्वया थ:गु दोष थ:म्हं खंकेमा:, लडाइँलय् वना लखंलख मनूतय्त त्याकेगु स्वया थ:त थ:म्हं त्याकेगु हे उत्तम ख: आदीथैं ज्यागु अटल भावनां याना बुद्ध महापुरुष जूगु ख: धका कना दिल । नापं बुद्धया मानवता सन्देश शाश्वत, युगान्तकारी व चिरंजिवि जू, गुगु मानव शास्त्रं थ: नं म्वाय्गु अले करपिन्त नं म्वाकेगु स्यनी तर थौं भौतिक व वैज्ञानिक विकासया पराकाष्ठय् थ्यने धुंकूसां संसारया सुं नं मनूयात शान्ति धयागु मदुगुलिं लेखिकाजुं थुगु च्वसु मार्फत सकसितं शान्तिया लागी बुद्धया अमूल्य व पवित्र सन्देशया अनुशरण याय्मा:गु सल्लाह बियादीगु दु ।

थुकथं हे "बुद्धया मानव हृदय" धैगु च्वसुइ मय्जु विमला शाक्यजुं बुद्ध नं झीथैं हे मनू ख: तर बुद्धया व झीगु मानव हृदय यक्को पा:, बुद्धं मानव हृदय थाय् स्वया छचला बिज्याइ, बुद्धया मानव हृदय पवित्र व उच्च जूगुलिं वसपोल छम्ह उत्तमम्ह, पवित्रम्ह महापुरुष ख: झीथैंज्यापिं स्वार्थीत मखु धैगु खँ कुला दीगु दु । नापं बुद्धया जीवनय् त:थाय् हे मानव हृदय खंके फु धैगु खँ



Downloaded from http://www.dhamma.digital

न्ह्यथसें राज्य त्वःता पिहाँ बिज्याय् त्योंबले काय् कला स्वय् मास्ती वःगु, खुदँ तक दुष्कर चर्या याना नं बुद्धत्व प्राप्त यायफै मखुत धका निराश जूगु, बुद्धत्व प्राप्त याय् धुंका नं वसपोलं थ्वीका कया बिज्यागु ज्ञान प्रपंचय् च्वनाच्वंपिसं थ्वीका काय् फैमखु धैगु हतोत्साह जूगु, कपिलवस्तु बिज्याःबले नं राजदरबार लुमंसे वःसां नं जनअपबाद बचे जुइत न्हापा भिक्षानिं बिज्यागु, अथेहे यशोधराया क्वथाय् बिज्यागु कलाया मायां, मखु मानव हृदय दुम्ह जूगुलिं खः धैगु खँ नं च्वमि मयुजुं कनादीगु दु ।

थुगु पत्रिकाय् मिसा च्वमिं धम्मवती गुरुमांया "विवेक बुद्धि" धैगु च्वसु नं दुथ्यागु दु । गुगु च्वसुइ वसपोलं विवेक बुद्धि दुपिसं तुरून्त हे न्यनाखंय् वा हाहालय् लगे जुया मने लुया वयूवं ज्या नं याइ मखु, खँ नं ल्हाइ मखु, बरू खः मखु बांलाक थुइका जक ज्या सुरू याइ, अले विवेक बुद्धि दुपिनि नुगः नं यचुइ धका धया बिज्यागु दु । नापं विवेक बुद्धियाना मनूतय्गु मू थहां वंगु व न्ह्यागु ज्या यायत नं विवेक बुद्धि गाकेमाः धका बाखं कनीम्ह ऋषि व जुजुया बाखं छपु नं न्ह्यथना बिज्यासे विवेक बुद्धि दयकेया लागी झीसं नं बाखं न्यने माःगु खँ सकसितं कना बिज्यागु दु ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याःया मेम्ह मिसा च्वमि मयुजु लोचनतारा तुलाधरया "बौद्ध अध्ययन धैगु च्वसुइ वयुकलं झीसं बुद्धया सिद्धान्तयात थुइका बांलाक अध्ययन याना व्यवहारे छ्यूचले फुसा झीगु जीवनय् भिं जुइ धैगु खँ कुला दिसे न्ह्याथाय् नं झीसं सहयायुमाः धैगु मदु, थायुस्वया यायुमाः, बौद्ध सिद्धान्त अनुसार व्यवहारय् च्वनेत आमिस पूजाया नापनापं प्रतिपति पूजा अर्थात करपिन्त उपकारया ज्या यायुगु व थःगु चाला बांलाका यंकेगु स्वयुमाः धयादिल । थथेहे बुद्ध धर्म अनुसारं सुं नं मनू जन्मं चण्डाल व ब्राह्मण जुइ मखु ज्यां हे चण्डाल व ब्राह्मण ज्वी । मचांनिसें सत्संगत बांलाका यंकल धाःसा न्ह्याम्ह मनूया जीवन सफल ज्वीगु खँ नँ न्ह्यथना दीगु दु ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् पिदंगु "मैत्री भावना" धैगु थःगु च्वसुइ मयुजु मीना वनियाँजुं मैत्री शब्दया अर्थ कथं थःत सुख योथें करपिनि नं सुख जुइगु इच्छा यायुगु खः धैदिसें शुद्धगु मैत्री चित्त दुसा न्ह्यागु ज्या नं सफल याय् फैगु छगू बौद्ध विश्वास खः धैदीगु दु । अले मैत्री बल्लापिन्त सुनानं छुं याय् फैमखु, ल्वापुख्यापु जुइ मखु, शत्रुया मन नं नाया वं धैगु खँ न्ह्यथना दिसे बुद्धया मैत्री बलं बुद्धयात देवदत्तं स्याय् धका ग्वसा ग्वःसां स्याय् मफुत, अंगुलिमालं स्यायधका वःबले स्याय् मफुत । आलवक राक्षसं आक्रमण याःसां छुं याय् मफुत, चिन्चामान, गणिका, सुन्दरी परिब्राजकपिसं बुद्धयात वदनाम यायत सनं नं छुं याय् मफुत धैगु खँ नं न्ह्यथना दीगु दु । अले मैत्री भावना यायबले करपिनिगु दोष लुमंके, मज्यू, सकल प्राणीया उपरे माया तइम्ह जुइमाः, थःतथेंतुं मेपिन्त नं अथेहे ज्वीमा धका मैत्री भावना यायमाः । थुकथं सुनां कायवाक चित्तं मैत्री भावना याइ व याउँक द्यनी, याउँक न्ह्यलं चाइ, ग्यानापुक म्हगसे म्हनी मखु, मनूतय् यइ, अमनुष्यतय् यइ, मि, विष, हतियारं थी मखु, देवदेवतापिसं रक्षा याइ, रूप लावण्य बाँलाइ, याकनं समाधि प्राप्त जुइ, वेहोसे सिना वने माली मखु, थ्वहे जन्मय् निर्वाण प्राप्त याय् फुम्ह ज्वी आदि झिंछता प्रकारया फल प्राप्त ज्वीगु खँ नं सकस्यां न्ह्योने तयादीगु दु ।

थथेहे "महापुरुष कथा अध्ययन" धैगु च्वसुइ मयुजु कमलतारा स्थापितजुं सुं नं महापुरुष जुइत अध्ययनया नापनापं साहस, धैर्य, सहनशक्ति, न्यनाखँय् ब्वाँय मवनीम्ह मनोवल दुम्ह बुद्धिवल दुम्ह, सन्तोषी, दुःख सहयाय् फुम्ह, स्वतन्त्र चिन्तन दुम्ह, आचरण बांलाम्ह ज्वीमाः धयादिसे झीके नं महापुरुष गुण दयकेत वसपोलपिनिगु जीवनी, आदर्श व प्रेरणा कायत वसपोलपिनिगु जीवनी अध्ययन यायमाः धैगु, खँ न्ह्यब्वया दिल । अले बुद्ध छम्ह झीपिंथैं हे मनू खःसां राज्य त्वःता पिहाँ बिज्याना चतुआर्य सत्य थ्वीका, बोधिज्ञान प्राप्त याना बुद्ध जुया अज्ञानि तयुगु मिखा चायुका बिज्यागु महापुरुषया लक्षण खः । अले थः काय् सिना उँईथें जूम्ह कृषा गौतमीयात मानसिक ल्वय् लायुका बियाः छम्ह दुःखीया मन बदले यायुफुम्ह हे महापुरुष खः धैगु बिचा नं व्यक्त यानादीगु दु ।

थुकथं धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिनि अध्ययन याना स्वयबले थुगु ल्याखय् मिसा च्वमिपिनि ल्याः म्ह जुजुं वना च्वंगु खनेदु ।

■



Downloaded from http://www.dhamma.digital

# जातिवाद, जीव विज्ञान व भगवान बुद्ध

✍ लोचन तारा तुलाधर

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो इति ॥**

जातं जुई मखु चण्डाल, न जातं ब्राह्मण जुई, कर्मं जुई चण्डाल, कर्म हे जुई ब्राह्मण-थ्व वसल सूत्रे दुथ्या:गु भगवान बुद्धया वाणी तसकं प्रचलितगु ख:। थ्व सूत्र अग्गिक भारद्वाज ब्राह्मणयात देशना याना बिज्या:गु ख: । तर आख: ग्वलय् प्रख्यातगु थ्व वाणी व्यवहारय् उलि छ्यला च्वंगु खने मदु । थजात धका: धयात:पिं ब्राह्मण व क्वजात धका: धयात:पिं वसल (चण्डाल) तय्गु जक खँ मखु थ्व बिचय् लाना च्वंपिं आपालं जातया दथुइ हे भ्रीथाय् यक्व भेदभाव खनेदु । ब्राह्मण-वादं गुगु चातुवर्ण्यया समाज चलय्याना त:गु ख:, उकिया हे लिधंसाय् भ्रीगु समाजे भेदभाव दया च्वंगु ख: । ब्राह्मणवादं ब्राह्मण क्षेत्री, वैश्य, शूद्र धका: थताजिया जात छुतय् याना ब्राह्मण दकले च्वय् थजातम्ह जुया क्वय् च्वंगु स्वताजि जातं न्ह्याबलें माने याके मा:म्ह जुयाच्वन । ब्राह्मण कुले बुलकि न्ह्याक्वहे पाप कर्म या:सां ब्राह्मण हे जुइगु, अले शूद्रं पुण्यकर्म या:सां शूद्र हे जुया च्वनीगु धयागु ब्राह्मणवादया धापू ख: । थ्व असमानगु समाज गबलें हे थहां वये मफइगु कथंया ख: । तर भगवान् बुद्ध थ्व खँया विरोधी ख: । सुं नं मनूयात ब्राह्मण अथवा शूद्रयाइगु वयागु कर्म ख: धयागु भगवान बुद्धया सिद्धान्त ख: । सम्पूर्ण मनू छगू हे जातीयापिं ख: उकिं मनू व मनूया दथुई भिन्नता मदु धयागु सिद्धान्तयात भगवान बुद्धं प्रचार याना बिज्यात । मनूया व्यवहार, वयागु ज्यां (कर्म) हे व मनूया परिचय बीगु ख: सिबे वयागु जन्म जातं मखु धयागु खँ थाय्थासे भगवान बुद्धं न्ह्यथना बिज्या:गु दु । थ्व खँ धम्मपदय् थुकथं दु

**न जटाहि न गोत्तेहि, न जच्चा होति ब्राह्मणो ।**
**यम्हि सच्चञ्च धम्मो च-सो सुची सो च ब्राह्मणो ॥**

"जटाधारी ज्वीवं तुं, गोत्र मात्रं नं, जाति मात्रं नं ब्राह्मण ज्वीमखु, गुम्हसिके सत्य व धर्म दई, वहे पवित्रम्ह ख:, वहे ब्राह्मण ख: । थ्व जटिल ब्राह्मण यात देशना याना बिज्या:गु ख: । शायद थुपिं हे खँया लिधंसाय् जुइ स्व.कवि लक्ष्मी प्रसाद देवकोटाया मुना मदनय् धया तल- "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।"

सूत्र निपातया वासेट्ठ सूत्रे थुगु जातिभेदया विषय गुगु कथं धयातल थ्व छक: स्वये-

**"न जच्चा ब्राह्मणो होति, न जच्चा होति अब्राह्मणो,**
**कम्मना ब्राह्मणो होति, कम्मना होति अब्राह्मणो ।**

थ्व वासेट्ठ सूत्रय् दुगु श्लोक ख: । थ्व सूत्रय् जातिय भेदया विषय वासेट्ठ व भारद्वाज ब्राह्मणया दथुइ जूगु वाद विवादया विषय खँ दु गुगु खँया निष्कर्षय् वय् मफया इपिं निम्हं भगवान् बुद्धयाथाय् वन । अले वसपोलं इमिगु शंका निवारण याना बिज्यात । अन्तय् इपिं निम्ह बौद्ध उपासक जूवन । इपिं निम्हसिया विवाद जूगु विषय ख: जन्मं ब्राह्मण जुइ लाकि कर्मं ब्राह्मण जुइ ।

थ्व सूत्रे गुगु प्राणीपिनि दथुइ जाति भेदया वारे भगवान बुद्धं ब्याख्या याना त:गु ख:, व खँ जीव विज्ञान कथंया धारणा नाप आधारित जू । जीव विज्ञान (Biology) यात जीव वैज्ञानिकतसें निगू ब्वथला त:गु दु- वनस्पति शास्त्र (Botany) व प्राणी (Zoology)। घाँय्, स्वां सिमा धयापिं जीव दुसां चाल मदुपिं (Locomotion) जूगुलिं इपिं वनस्पति शास्त्रय् अलग्ग तयातल । थथे हे जीव दुपिं, चाल दुपिंत Zoology ई लाका तल । Zoology ई प्राणीपिनिगु गुण, स्वभाव, वनौट कथं विभिन्न जाती ब्वथला तल गथे कि

**(1) Invertebrate दुग:क्वें मदुपिं**

**(2) Vertebrate दुग:क्वें दुपिं**

**(3) Invertebraties य् गुंगू (९) जाति दु -**

(a) Protozoa छगू जक कोष दुपिं मिखां न्ह्याय् मदुपिं

(b) Coelenterata निब: कोष दुपिं

(c) Porifera छपुच: कोष दुपिं: गथेकि Sponges

(d) Platyhelminthes त:हाक:पिं प्वाथय् दाइपिं कीत: Tapeworms, liveflukes

(e) Nematoda चा:चा: म्ह दुपिं त:हाक:गु आकारपिं प्वाथय् दाइपिं Hookworms

(f) Annelida चा:चा: म्ह दया: नं च्वय् क्वय्



Downloaded from http://www.dhamma.digital

च्वामुसे च्वनी:- प्या (leeches) दम्बि (earthworms)

(g) Anthopoda छयौं, म्ह, तुति छुतय् जूपिं कीत–बिलि, इमू, भुजिं, लाप्चा पति आदि ।

(h) Mollusca नाइसे च्वंगु म्हय् छा:गु Shell भुना त:पिं शंख की ।

(i) Echinodermata चाकला:गु म्ह वा दुपिं समुद्रय् च्वनीपिं Starfish, sea urchia.

**(2) Vertebrates** थुकी ५ गू जाति दु ।

(a) Pisces लखय् च्वनीपिं, gills पाखें सास: ल्हाइपिं – न्या, Dolfin.

(b) Amphibia प्यपा तुति दुपिं लखय् जमीनय् च्वनीपिं ब्यांचात ।

(c) Reptiles लखय् जमीनय् च्वनीपिं म्हं घिस्रय् जुया वनीपिं – सर्प, गोही ।

(d) Aves चिचीपागु पपुतिं भुनाच्वंपिं ब्वयत निपा पपू दुपिं – चखुं बखुं ।

(e) Mammals मांया दुरू त्वंकीपिं, निज्व linbs (ल्हा: निपा,तुति निपा) दुपिं – सा, म्ये, माक:, मनू थुकथं जीव विज्ञानय् संसारय् दक्व प्राणीपिनिगु शारीरिक प्राकृतिक बनौटया आधारय् classification यानातल अर्थात् थीथी ज्व:ला:पिं प्राणीत छपुच: छगू जाति याना जातिय भेद क्यना तल । मनूत class Mammalia अन्तर्गत Order Pninates अन्तर्गत ला:पिं ख: गुम्हसिया वैज्ञानिक नां ख: Homo sapiens । Homo sapiens धालकि सम्पूर्ण आधुनिक मनूयात क्यनी मिसा, मिजं, हाकु, तुयू, थजात, क्वजात, देशी विदेशी दक्वं । उकिं मनू व मनूया दथुइ भिन्नता मदु ।

आ: वासेट्ठ सूत्रे प्राणीपिनिगु जातिय विभाजन व मनू मनू दथुइ ज्व:ला:गु गुणया विषय गुकथं न्ह्यब्वया तल स्वये । थन पाली श्लोक मच्वसे नेवा: अनुवाद जक न्ह्यथने । हानं थ्व त:हाक:गु सूत्र जूगुलिं थुकी प्राणीपिनिगु जातिय विभाजन दुगु श्लोक जक न्ह्यथने

..."हे वासेट्ठ ! जिं क्रमश: यथार्थरूपं प्राणी पिनिगु जाति भेदयात कनाहये गुकिंयाना भिन्न भिन्न जाती जूवनी ॥७॥ घाँय् सिमायात सीकि यद्यपि इमिसं थ्व खँ दावि मया: अथे नं उकी जातिमय लक्षण दु, गुकिंयाना: भिन्न भिन्न जाति जूवनी ॥८॥ की, लाप्चा अले इमू कुमिचातय्के नं जातिमय लक्षण दु, गुकिंयाना इपिं भिन्न भिन्न जाति जूवनी ॥९॥ त:धी चीधीपिं प्यपां चूपिं प्राणीपिंके नं सीकि इमिके नं जातिमय लक्षण दु, गुकिंयाना इपिं भिन्न भिन्न जाति जूवनी ॥१०॥ त:हाक:पिं प्वाथं ल्ह्यैपिं सर्पतय्के जातिमय लक्षण दु, गुकिंयाना इपिं भिन्न भिन्न जाति जूवनी ॥११॥ हानं लखय् च्वनीपिं न्या आदि जल चरतय्के नं जातिमय लक्षण दु, गुकिंयाना इपिं भिन्न भिन्न जाति जूवनी ॥१२॥ आकाशे पपुतिं ब्वया वनीपिं भ्रंग:तय्के नं जातिमय लक्षण दु, गुकिंयाना, इपिं भिन्न भिन्न जाति जूवनी ॥१३॥ मेमेपिं जातिपिनिथें मनूतय्के न सँ पा:, न छ्योँ पा:, न न्हाय्पं, मिखा, म्हुतु, न्हाय्, म्हुतुसि पा: न मिखाफुसि सँ हे पा: । न ग:प: पा, न बोहले पा: । प्वा: व जन्फा नं मपा:, न प्योंपा पा:, नुग:पा पा:, न योनी न बोहले पा:, न ल्हा: तुति पा:, पतिं लुसि नं मपा:, न पुलि पा: ? न खम्पा पा:, न वर्ण पा:, न स्वर हे पा:, मेमेपिं जातिपिंके-थें जातिमय लक्षण छुं मपा: ॥१५-१७॥ प्राणिपिंगु भिन्नता धैगु शरीर हे ख:, मनुष्यपिंके अथे छुं पा:गु मदु । मनुष्यपिंके भिन्नता केवल व्यवहार मात्र ख: ॥१८॥

थन ॥८॥ श्लोकं वनस्पति शास्त्र क्यना च्वन, ॥९॥ श्लोकं Arthropoda यात क्यना च्वन, ॥१०॥ श्लोकं Ventebrates (Mammal) क्यना च्वन, ॥११॥ श्लोकं Ventebrats (Reptiles) क्यना च्वन, ॥१२॥ श्लोकं Pisces क्यना च्वन, ॥१३॥ श्लोकं Aves क्यना च्वन । थुकथं भगवान् बुद्धं वर्गीकरण याना त:गु Classification आ:यागु जीव वैज्ञानिक तय्सं यानात:गु नाप ज्व:ला: । श्लोक १५ निसें १७ तक मनूतय्गु, जातिय लक्षणया बयान याना त:गु दु । मनू मनूया दथुइ थुपिं शारिरीक बनौट सकतां ज्व: ला उकिं मनू दक्वं छगू हे समूह व जातियापिं ख: । थथे जूगुलिं भगवान बुद्धं बारम्बार हे जातिय भेदयात कुंखिना बिज्याइगु ख: । मनू लनेगु जातं मखु गुणं ख: । तृष्णा मदुम्ह, गम्भीर प्रज्ञा दुम्ह, राग द्वेष, मोह, अभिमान मदुम्ह, खुया मकाइम्ह, सत्य वचन ल्हाइम्ह, इन्द्रिय संवर रुपी तप, ब्रह्मचर्य शील, संयम व प्रज्ञा दुम्ह... आदि गुण दुम्हसित ब्राह्मण धाइ धयागु वासेट्ठ सूत्रया सार संक्षेप ख: । ■

*"संसारले बुद्ध र युद्ध दुईमा एक चुन्नु परेको छ ।" – जवाहरलाल नेहरू*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार —— गतिविधि

२०५५ आषाढ २७ गते ।

यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कार्यक्रममा प्रवचन गर्नुहुँदै भिक्षु अश्वघोषले भन्नुभयो- "धर्म वा पुण्य भन्नु नै आफ्नो चित्त निर्मल र प्रसन्न हुनु हो । जव मानिसको मन शुद्ध, निश्वार्थी र दोष रहित हुन्छ, तब उसको शरीरका प्रत्येक नशा नशामा बगेका रगत सफा हुने हुनाले उसको रूप नै तेजिलो देखिने हुन्छ । जब मन आनन्द हुन्छ, तब शरीरका प्रत्येक तन्तुहरूले आफ्ना कार्यहरू ठीक तरिकाले संचालन गर्न सक्ने हुनाले त्यस ब्यक्तिको स्वास्थ्य राम्रो भई निरोगी बन्न मद्दत पुग्नेछ । फेरि राम्रो निश्वार्थ चित्तले गरिएका जुनसुकै कार्यले पनि अरूको भलो हुने हुनाले सो कार्यबाट प्रभावित ब्यक्तिको प्रसन्न चित्तले दिइने आशिर्वाद पनि प्रभावकारी नै बन्ने हुन्छ । त्यसैले धर्म भनेको फूल, धूप र नैवद्य चढाई भक्तिभावमा लाग्नुलाई मात्र भनिने होइन । आफ्नो तर्फबाट अरूलाई निस्वार्थपूर्वक केही उपकार हुने कार्य गरिन्छ भने त्यसलाई नै पुण्य भनिन्छ । जुन कार्यले आफ्नो मात्र होइन अरूहरूको पनि चित्त प्रसन्न गराइन्छ, त्यस कार्यलाई धार्मिक कार्य भन्न सकिन्छ । जसले प्रत्येक दिन मानव कर्त्तव्य पूरा गरी राम्रो कर्मको बीउ रोप्नु सफल हुन्छ, त्यसले आफ्नो कर्मरूपी आयुलाई थप्दै आफ्नो आयु लम्ब्याउन सक्ने हुन्छ ।"

### अभिधर्म पाठ

स्थान: धर्मकीर्ति विहार । धम्मवती गुरुमां ६३ वर्ष पूरा गरी ६४ वर्षमा प्रवेश गर्नुभएको उपलक्ष्यमा सप्ताहब्यापी अभिधर्म पाठ सम्पन्न गरिएको छ ।

२०५५ आषाढ २१ गते देखि २७ गतेसम्म बिहान बुद्धपूजा, अभिधर्म पाठ र प्रवचन गरी सम्पन्न गरिएको सो कार्यक्रममा दैनिक पाँच, ६ सय जवान श्रोताहरूले उक्त पवित्र पाठ श्रवण गरेका थिए । विभिन्न मितिमा अभिधर्म पाठ गर्नुहुने विभिन्न भिक्षुहरू र कार्यक्रम अवधिभर कार्यक्रममा सहभागी सबै श्रोतावर्गहरूलाई दिनहुँ जलपान दान गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छः–

| मिति | भिक्षु | जलपान दाताहरू |
|---|---|---|
| २०५५ आषाढ २१ गते | भिक्षु बुद्धघोष महास्थविर र भिक्षु ज्ञानपूर्णिक महास्थविर | धम्मवती गुरुमाँ |
| २०५५ आषाढ २२ गते | भिक्षु उ. धम्मानन्द र भिक्षु उ. आसभाचार | धम्मवती गुरुमाँको चेली गुरुमाँ समूह |
| २०५५ आषाढ २३ गते | भिक्षु उ सुजनपिय र भिक्षु जनादिप | धर्मकीर्ति विहारको पुरानो भोजन समूह |
| २०५५ आषाढ २४ गते | भिक्षु अश्वघोष महास्थविर | धर्मकीर्ति विहारको पुरुष समूह |
| २०५५ आषाढ २५ गते | भिक्षु कौण्डञ्ञ | इन्द्रमान समूह |
| २०५५ आषाढ २६ गते | भिक्षु कुमार काश्यप महास्थविर भिक्षु सुमंगल महास्थविर र भिक्षु बोधिसेन महास्थविर | गणेमाया समूह |
| २०५५ आषाढ २७ गते | भिक्षु अश्वघोष महास्थविर | विद्यासागर प्रमुख सपरिवार |

## धर्म प्रचार —— समाचार

### धम्मवती गुरुमां अभिनन्दित

विश्व हिन्दू धर्म एकता महासंघको आयोजनामा २०५५ साल आषाढ २७ गते अभिनन्दन समारोहको आयोजना गरिएको थियो । सो समारोहमा विश्व-हिन्दू धर्म-एकता महासंघको तर्फबाट भिक्षुणी धम्मवतीलाई बौद्ध धर्ममा दिक्षित भई बर्मा, भूटान, श्रीलंका, थाइल्याण्ड, ताइवान, क्यानाडा, यु.एस.ए. आदि देशमा भ्रमण गर्नुभई धर्म र सँस्कृतिको रक्षार्थ प्रचार प्रसार गर्नुभएको र विभिन्न धार्मिक संघ संस्थाको संस्थापक तथा अध्यक्ष एवं अन्य विभिन्न तहमा रहनुभई धर्म रक्षण कार्यमा विशेष योगदान दिनुभएको कारणले **"धम्म संघका उन्नायक गुरु आमा"** को रूपमा दोसल्ला ओढाई अभिनन्दन पत्र अर्पण गरिएको थियो ।

### अनित्यावत संस्कारा

**स्वयम्भूको किण्डोल स्थित निर्वाण मूर्ति विहारमा रहँदै आउनु भएकी सुजाता गुरुमां यही २०५५ आषाढ १ गते, ८२ वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँको पुण्य स्मृतिमा श्रावण १४ गते किण्डोल विहारमा भन्ते गुरुमांहरूलाई भोजन र दान प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ ।**

*"यो देखेर आश्चर्य हुन्छ कि बुद्धको विचार आजको विज्ञानका नयाँ नयाँ खोजहरूको कति नजिकै थियो ।" - जवाहरलाल नेहरू*



Downloaded from http://www.dhamma.digital



बा : कुलरत्न कंसाकार
वि.सं. २०३९ आषाढ २२ गते मदुगुदिं



किजा : आर.के. हिमाल
(रत्नकाजी) कंसाकार
वि.सं. २०३९ जेष्ठ २० गते मदुगुदिं



श्रीमान चन्द्रमानसिं बनिया
वि.सं. २०१८ पुष ३ गते मदुगुदिं



बा:जु : हेरामान सिं बनिया
वि.सं. २०२९ फुलपाती खुन्हु मदुगुदिं



माजु : लक्ष्मीप्रभा
२०४४ वैशाख माँया ख्वा:
स्वयुगु स्वन्हुन्ह्यो मदुगुदिं



काय्‌भाजु
वि.सं. २०१७ चयाया कन्हेखुन्हु मदुगुदिं



बुदिं ने.सं. १०६७
मदुगुदिं ने.सं. १११८ सिलाथ्व षष्ठि

## दिवंगत जुयादीपिं सकल परिवारया पुण्य-स्मृतिसं निर्वाण कामना याना पिं

## रूपशोभा बनिया

इतुंबहा

म्ह्याय्‌पिं:

## रञ्जना, चन्द्रमा, मीरा



Downloaded from http://www.dhamma.digital

### संघाराम विहारमा एकदिने बौद्ध प्रशिक्षण

२०५५ आषाढ ६ गते, युवा बौद्ध समूह काठमाडौंको आयोजनामा संघाराम विहार ढल्कोमा एकदिने बौद्ध जागरण प्रशिक्षण कार्यक्रम सम्पन्न भएको समाचार छ ।

समूहका अध्यक्ष चिनीकाजी ताम्राकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा आनन्द सिद्धी तुलाधरले कार्यक्रमको परिचय र महत्त्व प्रष्ट्याउनु भएको थियो ।

प्रशिक्षण कार्यक्रममा प्रशिक्षकहरू क्रमश: यसरी हुनुहुन्थ्यो: भिक्षु कौण्डञ्ञ, भिक्षु अश्वघोष महास्थविर, सुदर्शना दर्शनधारी, त्रिरत्न मानन्धर, भिक्षु आनन्द र विपेन्द्र महर्जन आदि ।

तेजनारायण मानन्धर र अनु तुलाधरले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको उक्त कार्यक्रममा मदन तुलाधरले धन्यवाद दिनुभएको यियो ।

### निर्वाचन तथा शपथ ग्रहण

ललितपुर, आषाढ १३ गते । विगत २०५४ साल चैत्र २९ गते लेकसलिङ्ग गुम्बाका प्रमुख अवतारी लामा श्रद्धेय नेस्याङ्ग ग्याल्पो रिम्पोचेबाट समुद्घाटन भएको राष्ट्रिय स्तरमा गठित नेपाल बौद्ध परिषद्को कार्यकारिणी समितिको विधिवत निर्वाचन हालै यहाँ सम्पन्न भयो ।

परिषद्को निर्वाचन अधिकृतको कार्यालयबाट विगत ज्येष्ठ ३१ गते प्रकाशित सूचना अनुसार गत आषाढ ८ गते निर्वाचनको लागि मनोनयनपत्र दाखिला गर्ने र ऐजन १३ गते मतदान गरी सोही दिन निर्वाचन परिणाम घोषणा गर्ने गरेकोमा, मनोनयन पत्र दाखिला गर्ने दिन आषाढ ८ गते कार्यकारिणी समितिको प्रत्येक पदको लागि एक एक जनाको मात्र मनोनयन पत्र दाखिला भई कुनै पनि पदमा कुनै पनि प्रतिद्वन्दी खडा नभएको हुँदा सोही दिन मनोनयनपत्र दाखिला गरेका उम्मेदवारहरू आ-आफ्नो पदमा निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो । घोषित परिणाम अनुसार निर्वाचन भएका व्यक्तिहरूको नाम र पद निम्न लिखित अनुसार रहेका छन्:-

१. अध्यक्ष - महीश्वरराज बज्राचार्य, ललितपुर ।
२. उपाध्यक्ष - शान्तहर्ष बज्राचार्य, काठमाडौं ।
३. उपाध्यक्ष - तेजरत्न शाक्य, भक्तपुर ।
४. महासचिव - डा. लक्ष्मण शाक्य, काठमाडौं ।
५. सचिव - बंशीधर बज्राचार्य, ललितपुर ।
६. कोषाध्यक्ष - कृष्णप्रसाद श्रेष्ठ, ललितपुर ।
७. सहकोषाध्यक्ष - धर्म 'निभा', ललितपुर ।
८. सदस्य - ललितराज शाक्य, ललितपुर ।
९. सदस्य - पूर्णमान चित्रकार, ललितपुर ।
१०. सदस्य - कृष्णप्रसाद खनाल, काठमाडौं ।
११. सदस्य - केशरबहादुर शाक्य, ललितपुर ।

उपरोक्त अनुसार निर्वाचन पदाधिकारीहरूलाई ने.बौ.प. निर्वाचन अधिकृत श्री तेजमुनि बज्राचार्यले एक समारोहका बीच ललितपुर न:टोल स्थित बुद्धि-शारदा इंगलिस स्कूलमा शपथ ग्रहण गराउनु भएको थियो ।

उक्त शपथ ग्रहण समारोहमा बौल्दै परिषद्का अध्यक्ष श्री महीश्वरराज बज्राचार्यले परिषद्को संरक्षक सदस्यता ग्रहण गर्न वयोबृद्ध श्रद्धेय भन्ते अनिरूद्र तथा हेटौंडा स्वर्ण भण्डारका मान्यवर श्री महारत्न बज्राचार्यले सहर्ष स्वीकृति प्रदान गर्नुभई परिषद्को विधान अनुरूप संरक्षक सदस्यताको फाराम भरी पठाउनु भएको कुरामा प्रकाश पार्नुभयो ।

परिषद्का अध्यक्ष श्री महीश्वरराज बज्राचार्यको अध्यक्षतामा सम्पन्न सो समारोहमा हर्षोल्लासका साथ नवागन्तुक पदाधिकारीहरूको स्वागत एवं परिचय प्रस्तुत गरिएको थियो ।

### बाल बालिकाहरूको मैत्री भ्रमण

२१ असार, पोखरा । मैत्री संघ, पोखराको सक्रियतामा नदीपुर, पोखराको कोपिल ढुंङ्गा स्थित "सेतो गुराँस" स्कूलमा संचालित "मैत्री शिक्षा समूहका" २४ जना बाल-बालिकाहरू शनिवार शैक्षिक भ्रमणको क्रममा घाचोक पुगी त्यहाँ स्थित माछापुछ्रे बुद्ध विहारमा सामूहिक बुद्ध पूजा गरे । पोखरामा चीर परिचित ९४ वर्षका वयोवृद्ध भिक्षु सुभद्रको जन्मथलो तथा उहाँको विहार (माछापुछ्रे बुद्ध विहार, घाचोक) मा भएको बुद्ध पूजामा पोखराका भिक्षु श्रद्धानन्दले शील प्रार्थना गराउनुभएको थियो ।

यस भ्रमण मैत्री संघ, पोखराका अध्यक्ष विश्व शाक्यको सक्रियता तथा नेतृत्वमा गएको थियो ।

*"अनात्मवाद सिद्धान्तको प्रति ध्वनि हो ।" - डा. रजनराय*



Downloaded from http://www.dhamma.digital

स्मरण रहोस्, मैत्री संघका केही शुभेच्छुकहरूको व्यक्तिगत सहयोगले ३ जना शिक्षकहरूको तलव व्यवस्था भएबाट नि:शुल्क सहयोग गर्दै आइरहेका दुईजना शिक्षकहरू सहित ५ जनाले प्रत्येक दिन विहान १ घण्टा टयुशनको व्यवस्था गर्दै आइरहेको छ । नियमित ४५/५० जना स्थानीय बाल बालिकाहरू अध्ययनमा सामील हुँदै आइरहेका छन् । नि:शुल्क शैक्षिक सहयोगको अतिरिक्त संघले औषधि, खेलकूद र शैक्षिक सामग्री उपलब्ध गराई दिनुका साथै हप्ताको ३ दिन आइतवार, मंगलवार र विहीवार ध्यान अभ्यास पनि गराउँदै आइरहेको छ । यस कार्यक्रमले स्थानीय बाल-बालिकाहरूमा राम्रो प्रभाव परिरहेको भनाई अभिभावकहरूको रहन गएको छ ।

### पनौतीमा बौद्ध जागरण


२०५५ आषाढ २० गते । युवा बौद्ध समूह काठमाडौंको आयोजनामा पनौतीमा बौद्ध जागरण कार्यक्रम सम्पन्न भएको समाचार छ । गोपालकृष्ण ताम्राकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा युवा बौद्ध समूहका अध्यक्ष चिनीकाजी ताम्राकारले बौद्ध जागरण कार्यक्रमको परिचय दिनुभएको थियो । ज्ञानरत्न बुद्धाचार्यको सभापतित्त्वमा सम्पन्न उक्त जागरण कार्यक्रममा विष्णुदास स्याउलाले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मदन तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा प्रशिक्षकहरू यसरी हुनुहुन्थ्यो– भिक्षु अश्वघोष महास्थविर, भिक्षु सुशील, हर्षमुनी शाक्य र त्रिरत्न मानन्धर आदि ।

### बाग्लुङ्गमा आषाढ पूर्णिमा महोत्सव

आषाढ २५ गते, बाग्लुङ्ग, पाँच महान संयोग सहितको पवित्र आषाढ पूर्णिमाको उपलक्ष्यमा बाग्लुङ्गमा विशेष कार्यक्रम मनाइयो । २३ गते देखि बुद्धपूजा, शील प्रार्थना र धर्मदेशना गरी मनाइएको सो कार्यक्रममा आषाढ २५ गते प्रभातफेरि, शील प्रार्थना बुद्धपूजा र पाँच संयोगको विषयमा प्रवचन गरिएको थियो । भिक्षुणी अनोजाले महाभिनिष्क्रमण र धर्मचक्र प्रवर्तनको बारेमा प्रवचन गर्नुभएको थियो भने भिक्षुणी कुसुमले बोधिसत्त्व शिद्धार्थको गर्भप्रवेश, यमक ऋद्धिप्रातिहार्य र अभिधर्मको बारेमा प्रवचन दिनुभएको थियो ।

## अनगारिका अग्गञाणी धम्माचरिय उत्तीर्ण



म्यानमार सरकारं संचालन याना तःगु बुद्धधर्म व पालिया धम्माचरिय परीक्षाय् **अनगारिका अग्गञाणी** न्हापांगु श्रेणीइ पास जुया बिज्यागु दु ।

यल नागबहाया श्री अष्टरत्न धाख्वा व रत्नदेवी धाख्वाया सुपुत्री पुनिता धाख्वा बि.एस्सी (दोस्रो सत्र) वथें बौद्ध परियत्ति शिक्षाय् "परियत्ति सद्धम्म पालक" अध्ययन यानाली झिदँ न्ह्यो म्यानमारय् बिज्याना यांगूनय् पण्डिताराम स्वेदगौं सासन यैताय् प्रव्रजित जूगु खः । वसपोलं अन च्वना च्यादँ तक बुद्ध धर्म व पालिया अध्ययन याना "धम्माचरिय" धयागु उच्चगु परीक्षाय् वंगु जुलाई ५ तारिकं उत्तीर्ण जूगु खः ।

थ्व परीक्षाय् ताः लाःम्ह वयक: स्वम्हम्ह नेपाली खः । थ्व सिवे न्ह्यव भिक्षु ज्ञानपूर्णिक महास्थविर व अनगारिका धम्मवती थुकी उत्तीर्ण जुइ धुंकूगु खः ।

*"आजभोलिका विज्ञान बुद्धको अनित्यता र अनात्मवाद सिद्धान्तको प्रति ध्वनि हो ।" – डा. रजनराय*



Downloaded from http://www.dhamma.digital

### धर्मचक्र दीवस

धर्मकीर्ति विहार । अन्तर्राष्ट्रिय भिक्षुणी संघको आयोजनामा, पाँच संयोग सहितको आषाढ पूर्णिमाको उपलक्ष्यमा, अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यपको प्रमुख आतिथ्यमा र रत्नमञ्जरी गुरुमांको सभापतित्त्वमा एक प्रवचन कार्यक्रम सम्पन्न भएको छ ।

आषाढ पूर्णिमा (मिति २०५५ आषाढ २५ गते) का दिन सम्पन्न भएको उक्त कार्यक्रमका वक्ताहरू यसरी हुनुहुन्थ्यो:–

पाँच संयोगका विषय र वक्ताहरू:-

(१) **सिद्धार्थ कुमारको "गर्भ प्रवेश" दिन**
*- माधवी गुरुमां*

(२) **सिद्धार्थ कुमारको महाभिनिष्क्रमण दिन**
*- अभय गुरुमां*

(३) **बुद्धद्वारा सारनाथमा "धर्मचक्र प्रवर्तन" दिन**
*- धम्मदिन्ना गुरुमां*

(४) **बुद्धद्वारा यमक प्रातिहार्य प्रदर्शन दिन**
*- चित्तावती गुरुमां*

(५) **बुद्धद्वारा अभिधर्म देशना दिन**
*- सुजाता गुरुमां*

धम्मवती गुरुमांले स्वागत भाषण गर्नुभई, अनुपमा गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रम वीर्यवती गुरुमांले संचालन गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रवचन गर्नुहुँदै भिक्षु कुमार काश्यपले भन्नुभयो:- बुद्ध शिक्षालाई अझ मजबूत पार्नको लागि भिक्षु भिक्षुणी र उपासक उपासिकाले आ-आफ्नो क्षेत्रमा रही आ-आफ्नो कर्त्तव्य निभाई शील समाधी र प्रज्ञालाई अंगाल्दै आफ्ना व्यवहारलाई सुधार गर्न जरुरी छ । यसो गर्न सकेमा मात्र हामीले बुद्ध शिक्षा अनुसार आफ्नो जीवनलाई सुखमय बनाउन सक्नेछौं ।"

अन्त्यमा रत्नमञ्जरी गुरुमांले आफ्नो मन्तव्य सहित सभा विर्सजन गर्नुभएको थियो । यस कार्यक्रममा सबै श्रोतावर्गहरूलाई लक्ष्मीनानी न्यत पुच:ले फ्रुटी एक-एकवटा वितरण गरी जलपान दान गर्नुभएको थियो ।

### दीपंकर परियत्ति शिक्षालय, नागबहालय् पुरस्कार वितरण समारोह

अखिल नेपाल भिक्षु महासंघ पाखें संचालित नेपाल बौद्ध परियत्ति शिक्षाया केन्द्र दीपंकर परियत्ति शिक्षालयया वार्षिक उत्सव तथा बौद्ध परियत्ति शिक्षाय् उत्तीर्ण जूपिं विद्यार्थीपिन्त पुरस्कार वितरण समारोह सम्पन्न जूगु समाचार दु । श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरया सभापतित्त्वय् व ललितपुर उपमहानगर पालिकाया प्रमुख श्री बुद्धिराज बज्राचार्यया प्रमुख अतिथित्त्वय् सम्पन्न जूगु थुगु समारोहय् केन्द्रया प्रमुख शिक्षिका सुजाता गुरुमांनं स्वागत भाषण याना बिज्या:गु ख:सा सुश्री विद्या शाक्यं बु.सं. २०४१ या वार्षिक प्रतिवेदन पेश यानादीगु ख: ।

दीपंकर परियत्ति शिक्षालय पाखें उत्तीर्ण जूपिं ३३ म्ह विद्यार्थीपिं मध्ये "परियत्ति सद्धम्म कोविद" परिक्षाय् बोर्ड प्रथम जुया बिज्या:म्ह धजवती गुरुमां व "सद्धम्म पालक उपाधि" परिक्षाय् बोर्ड प्रथम जुया बिज्या:म्ह सति धाख्वा: याना: निम्ह बोर्ड स्थानय् व:गु जुल ।

सभाया प्रमुख अतिथि पाखें थुगु शिक्षालये श्रद्धापूर्वक नि:शुल्क रूपं शिक्षण कार्ये संलग्न शिक्षिकापिन्त व परिक्षाय् उत्तीर्ण विद्यार्थीपिन्त पुरस्कार वितरण याना बिज्यासे थ:गु मन्तब्यनं प्रकट याना बिज्यात । सभापति श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरजुं परियत्ति शिक्षाया महत्त्वबारे प्रकाश याना बिज्यात । थुगु हे ज्वलय् परियत्ति शिक्षाया बारे थ:थ:गु मन्तव्य प्रकाश याना दीपिं महानुभावत थुकथं ख:- श्री दोलेन्द्ररत्न शाक्य, श्री विनयरत्न धाख्वा:, सुरेन्द्ररत्न शाक्य आदि ।

सुश्री पुनम शाक्यं संचालन यानादीगु थुगु कार्यक्रमय् श्री हेराकाजी सुइकाजुं आर्थिक प्रतिवेदन प्रस्तुत यानादीगु ख: ।

अथेहे दीपंकर परियत्ति शिक्षालय्या उपाध्यक्ष श्री हेराकाजी शाक्यं धन्यवाद ज्ञापन यानादीगु ख: ।

स्मरणीय जू, थुगु शिक्षालये सुजाता गुरुमां, सुश्री अमीता धाख्वा:, विद्या शाक्य, न्हुच्छेनानी शाक्य, सति धाख्वा:, पुनम शाक्य, निर्मला शाक्य व सरीता अवालेपिसं शिक्षण कार्य यानाच्वंगु दु ।

### बौद्ध संघया साधारण सभा

२०५५ आषाढ २० गते, ख्वप । बौद्ध संघया ग्वसालय् कुथुबही (बौद्ध समकृत विहार) शनिवारसं छगू ज्याझ्व:या दथ्वी च्याक्व:गु साधारण सभा सम्पन्न जूगु समाचार दु । बौद्ध संघया अध्यक्ष त्रिरत्न शाक्यया सभापतित्त्वय् सम्पन्न जूगु उगु सभाय् सुगतरत्न बज्राचार्य प्रगति प्रतिवेदन प्रस्तुत यानाद्यूगु ख:सा रोशन बज्राचार्यपाखें आर्थिक प्रतिवेदन न्ह्यब्वयाद्यूगु ख: ।

निर्वाचन कमिटीया संयोजक इन्द्रराज शाक्यया नेतृत्त्वय् चुनाव यासे न्हूगु कार्य समिती नं निस्वनेगु ज्या जुल ।

म्हसीकथं- अध्यक्ष: सिद्धिरत्न शाक्य, उपाध्यक्ष: संघरत्न शाक्य, सचिव: रोशन बज्राचार्य । उपसचिव: लक्ष्मी चन्द्र । सदस्यपिं: त्रिरत्न शाक्य, नरेश बज्राचार्य, पुण्यरत्न शाक्य, रत्नसुन्दर शाक्य, सुगतरत्न बज्राचार्य, पूर्णचन्द्र शाक्य आदि ।

अथेहे आषाढ २५ गते धर्मचक्र प्रवर्तन दिवसया लसताय् प्रभातफेरि व आषाढ २७ गते शनिवार सल्लाघारी वृक्षारोपण कार्यक्रम नं जूगु समाचार दु ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

## चौथो साधारण सभा

असार २० गते, काठमाडौं । बौद्ध वृद्धाश्रमको चौथो वार्षिक साधारण सभा काठमाडौं स्थित बुद्ध विहारमा सम्पन्न भएको समाचार छ । उक्त सभामा मन्तव्य व्यक्त गर्नुहुँदै बनेपा नगर प्रमुख श्री सुरेन्द्रबहादुर बादे श्रेष्ठले बनेपामा बृद्धाश्रम संचालन गर्नु भै हामीले नसोचेको कुरा तपाईंहरूबाट कार्यान्वयन गरी देखाउनु भएकोमा बनेपावासीको तर्फबाट आभार व्यक्त गर्दछु भन्नुहुँदै - बृद्धाश्रमको लागि थोरबहुत भए पनि नगरपालिकाबाट केही आर्थिक सहयोग गरेका छौं र भविष्यमा पनि यस्तै सहयोग प्रदान गर्न एउटा अक्षयकोषको स्थापना समेत गर्न लागेका छौं, भन्नुभयो ।

सो सभामा भिक्षु सुदर्शन महास्थविरले बृद्धाश्रममा बस्न इच्छा भएर पनि परिवारका सदस्य र समाजको डर र त्रासबाट हिचकिचेर बसेका व्यक्तिहरू । एकदिन खोजी खोजी अवश्य आउनेछन् भन्नुहुँदै तिनीहरूको सेवा गर्ने अठोट लिएका बौद्ध बृद्धाश्रमका सदस्यहरूलाई शुभ-कामना व्यक्त गर्नुभयो ।

सो समारोहमा संस्थाका सल्लाहकार श्री भक्तिदास श्रेष्ठले - राम्रो काम गर्नेको अगाडि बाधा आउँछ, त्यसलाई पन्छाउन जान्नु पर्छ र पन्छाउन सक्यौं भने त्यस्ता बाधकहरू नतमस्तक हुन्छ भन्नुहुँदै तर्सिनु होइन सतर्क रहनु पर्छ र मनलाई स्थिर गर्नुपर्छ भन्दै ध्यान भावनाको पनि महत्त्व दर्शाउनु भयो ।

सो अवसरमा उक्त संस्थाका उपाध्यक्ष अनगारिका धम्मवतीले धन्यवाद ज्ञापन गर्नुहुँदै धन्यवाद शब्दको लागि भन्दा अनाथ, असहाय र बृद्धहरूको लागि भित्री दिलदेखि सेवा गरी स्वार्थतालाई पन्छाउन सक्यौं भने समाजको साँच्चैको धन्यवादका पात्र बन्नेछ भन्नुभयो । यस अघि बौद्ध बृद्धाश्रमका महासचिव श्रीमती इन्दिरा मानन्धरले स्वागत अभिनन्दन गर्नुहुँदै २०५४ सालको प्रतिवेदन र कोषाध्यक्ष श्री जुलुमकृष्ण शिल्पकारले सोही वर्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

आजको उक्त सभामा कार्यकारी समितिका सदस्य श्री केशबकाजी बैद्यले बनेपामा रहेको आश्रमको गतिविधि प्रस्तुत गर्नुभयो । साथै सो अवसरमा प्रकाशित "बौद्ध बृद्धाश्रमको एक चिनारी" पुस्तिकाको महत्व र आवश्यकता माथि श्री जनक नेवाले प्रकाश पार्नुभयो ।

यस सभाको प्रारम्भ भिक्षु सुवोधानन्द महास्थविर समक्ष शील प्रार्थनबाट भएको थियो ।

उक्त सभाको सभापतिको आसनबाट बोल्नु हुँदै भिक्षु सुमंगल महास्थविरले बौद्ध बृद्धाश्रमको स्थापना देखि हाल संचालनसम्मका विभिन्न दाता महनुभावहरूबाट नगद तथा जिन्सी सामानहरू दिई सहयोग गर्नु हुनेहरू बृद्धाश्रमको लागि चिरस्मरणीय भएको छ भन्नुहुँदै सभा बिसर्जन गर्नुभयो ।

साधारण सभाको कार्यक्रम पछि जलपानको पनि आयोजना गरेको थियो ।

## छैठौं वक्तृत्वकला

स्थान: थथुबहि, भक्तपुर, २०५५ आषाढ २७ गते । यसदिन आषाढ पूर्णिमाको उपलक्ष्यमा काठमाडौं, पाटन र भक्तपुरका युवावर्गहरूलाई बुद्ध शिक्षा दिलाउने उद्देश्यले मैत्रेय युवा संघको आयोजनामा छैठौं वक्तृत्वकला पर्व मनाइएको समाचार छ । शील प्रार्थना, ज्ञानमाला भजन, स्वागत गान पछि मैत्रेय युवा संघका अध्यक्ष तीर्थराज बज्राचार्यबाट स्वागत भाषण गरिएको उक्त समारोहमा भिक्षु सुमेधले पानसमा बत्ति बाली कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

बुद्धिजीवी तेजेश्वर बाबु ग्वंग:ले समालोचना गर्नुभएको उक्त वक्तृत्वकला कार्यक्रममा भक्तपुर नगर पालिकाका मेयर प्रेम सुवालज्यूले प्रतिनिधिहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा भू.पू. मेयर ज्ञानबहादुर न्याइच्याईले पनि आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको थियो । त्यस्तै विश्व शान्ति पुस्तकालयका अध्यक्ष वीरकाजी शाक्यले वक्तृत्वकलालाई निरन्तरता दिन कोष खडा गर्ने बिचार ब्यक्त गर्नुभएको थियो ।

श्री दुर्गेश शाक्यले अतिथिहरूलाई बाय्च वितरण र रूद्र चित्रकारले संघको पहिलो प्रकाशित वक्तृत्वकला पर्व पत्रिका प्रदान गर्नुभएको उक्त कार्यक्रममा अञ्जु चित्रकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

अन्त्यमा सभापतिको आशनबाट बोल्नुहुँदै भिक्षु सुमेधले बुद्ध शिक्षालाई चिरस्थायी गर्नका लागि युवाहरूले यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिंदै बुद्ध शिक्षालाई आफ्नो दैनिक ब्यवहारमा पनि अभ्यास गर्दै जानु पर्ने कुरामा जोड दिनुभयो । यस कार्यक्रमका संचालक दिवश शाक्य हुनुहुन्थ्यो । वक्तृत्वकलामा ११ वटा बौद्ध संघ संस्थाले भाग लिएका थिए ।

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४२१४५०, ४१४७५३
ब्यापारीक कार्यालय : शुक्रपथ, न्युरोड, काठमाडौं, फोन : २४९०३२, २४९४५०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital